# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा भनेको त्यो प्रक्रिया हो जसले मानविय व्यवहारमा अपेक्षाकृत परिवर्तन ल्याउँछ । आफ्नो वारे, आफू वाचेको संसार र समाज बुझ्न मानिसलाई जरुरत पर्ने आधारभूत क्षमता नै शिक्षा हो । जसले मानिसलाई बुझ्न, आफूले आफूलाई विश्लेषण गर्न, संवाद, तुलना, समाजका अन्य सदस्यहरुको मूल्याङ्कन गर्न सवल वनाउनु पर्छ । शिक्षाले मानिसलाई भूत, वर्तमान र भविष्य विच व्यक्ति र समाजवीच सम्वन्ध स्थापित गर्न सहयोग गर्दछ । शिक्षाले व्यक्तिलाई पूर्वज्ञान प्राप्त गरी आफू र जगतलाई परिवर्तन गर्न सहयोग गर्दछ । शिक्षाको अर्थ र मान्यता विभिन्न समय र दार्शनिकहरुको विचारमा फरक फरक रहेतापनि आधुनिक शिक्षाको अवधारणाको विकास पश्चात् कुनै पनि मूलुकका कुनै न कुनै भाषाका सामान्य अक्षर चिन्न सक्ने, पढ्न सक्ने र लेख्न सक्ने ज्ञान भएको मानिसलाई साक्षर मानिएको छ । आधुनिक शिक्षाको प्रारम्भिक शिक्षावाट नै शिक्षाले संगठनात्मक रुप प्राप्त गरेपछि नेपालमा पनि शिक्षाको विकास क्रम अगाडी वढेको पाइन्छ (सिंह, २०६५ : २१७)

नेपालमा औपचारिक अध्यापनको परिपाटीको इतिहास तुलनात्मक रुपले छोटो भएता पनि हाल आएर पाठशालाले वालक तथा वयस्कहरुलाई ज्ञानको क्षमताको सृजना एवं सिप वृद्धि गर्न वस्तुपरक धारणा निर्माण गर्न महत्वपूर्ण उत्प्रेरकको भूमिका निभाउँदै आएको छ (यू.एन.डि.पी. १९९८: ४७) ।

नेपालको शिक्षा परम्परालाई हेर्दा गुरुकुल शिक्षा प्रणाली र वौद्ध शिक्षा, लिच्छवीकालीन शिक्षा, मल्लकालीन शिक्षा, वाइसे चौविसे राज्यको शिक्षालाई प्राचीन कालका रुपमा लिन सकिन्छ भने राणाकालको शुरुदेखी अन्त सम्मलाई शिक्षाको अँध्यारो युगको नामले चिनिन्छ । यसरी नेपालको शिक्षाविकास क्रमतर्फ वि.सं. २००७ साल सम्मको शिक्षा र २००७ साल पछिको शिक्षाको विकासक्रमलाई हेर्दा २००७ साल पछि शिक्षाले ठूलो फड्को मारिसकेको छ । वि.सं. २००७ साल सम्म नेपालको साक्षरता २% मात्र रहेको

मुलुकमा अहिले करीव ६ दशकको अन्तरालमा साक्षरता प्रतिशत ६५.९ पुग्नाले पनि यसको पुष्टि गर्दछ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

२००७ साल सम्मको शिक्षाको अवस्थालाई हेर्दा नेपालमा कुल ३२१ वटा प्रा.वि., ११ वटा मा.वि. तथा त्रिचन्द्र कलेज र संस्कृत कलेज गरी जम्मा ३३४ शैक्षिक संस्थाहरु थिए । प्रा.वि. तर्फ ८५०५, मा.वि. तर्फ १६८०, र उच्च शिक्षा तर्फ २५० विद्यार्थीहरु अध्ययन गर्दथे (कार्की, २०५४: १०२) भने शैक्षिक सत्र २०६७/६८ मा आइपुग्दा प्रा.वि. ३२,६८४ नि.मा.वि. १,९३९ र मा.वि. ७५५९ वटा मा प्राथमिकतर्फ ४९ लाख ५२ हजार, नि.मा.तर्फ १७ लाख र माध्याभिक तर्फ ८ लाख १२ हजार विद्यार्थीहरु पठन पाठन गरिरहेका छन् (अधिकारी, २०१३) ।

नेपाल एक सामाजिक, सांस्कृतिक, भाषिक तथा ऐतिहासिक पूरातात्विक दृष्टिकोणबाट महत्वपूर्ण विविधता भएको राष्ट्र हो । विश्वको मानचित्रमा सानो देखिएता पनि नेपालले आफ्नो छुट्टै इतिहास पहिचान वोकेको छ । क्षेत्रफलमा सानो भएता पनि यहाँ विभिन्न जातजाति, भाषाभाषी, समूह समुदायको एउटा साझा फूलवारीको रुपमा रहेको छ (कुवंर ढाकाराम, २०५९) ।

यि विभिन्न जातजाति धर्म, संस्कृतिका विविधता वोकेको जातजातिहरुको अध्ययन अनुसन्धान २००७ साल भन्दा अगाडी त्यति भएको पाइदैन । २००७ सालको प्रजातन्त्र अभ्युदय पछि यस विषयमा ध्यान गएपनि यस किसिमको अध्ययन अनुसन्धान न्यून नै रहेको पाइन्छ । यसै क्रममा नेपालमा वसोवास गर्ने जातिहरु मध्येको एक जाति दराई पनि हो ।

जम्मा जनसंख्या १६७८९ रहेको (पहाडमा ६२५८ र तराईमा १०४९२) दराई जाति नेपालको पिछडिएको जाति मध्ये एक हो (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । दराई जातिको आगमन कहाँबाट भएको हो भनेर किटान गर्न नसकिएता पनि तनहुँको दमौलीमा भएको दराईजातिको विशाल वस्ती र नवलपरासीको गैंडाकोटमा तथा चितवनमा भएको व्यापक वस्तीले गर्दा यिनीहरु तराईवाट आएका भन्ने अनुमान गर्न सकिन्छ । उनीहरुको छुट्टै आफ्नै भाषा संस्कृति रहेको पाइन्छ । दराई जातिको जन्मदेखि मृत्यु सम्मकै संस्कारहरु अन्य जातिको भन्दा पृथक रहेको पाईन्छ जस्तै वच्चा जन्मेको ७, ९ र ११ दिनमा पुरेतको घरमै

गएर गहुँत ल्याएर चोख्याउने चलन, विवाहमा दुलही भित्र्याउँदा कुखुराको भाले र पोथी काटेर घरभित्र फाल्ने अनि मात्र दुलही भित्र्याउने, भागेर विवाह गरेका दम्पत्तिको वच्चावच्ची भइसकेपछि पनि पुन विवाह (टिको फुकाउने) गर्ने चलन, किरिया पुत्रीले केराको पातको खोचो बनाएर जाँड खाने चलन र सबैभन्दा पृथक संस्कारमा यिनीहरुको स्वराई ( मृत्यु संस्कार) पर्दछ । दराई संस्कृतिमा करुवा, भ्याउरे (रोदी) वस्ने चलन हुन्छ । उनीहरुको पोशाकसँग वुट्टेदार खुर्पेटो भिर्ने गर्दछन् ।

## १.२ समस्याको कथन

मानव जीवनलाई उन्नत बनाउँदै देशलाई आवश्यक जनशक्ति उत्पादन गर्न र व्यक्ति; समाज र राष्ट्रको आवश्यकता परिपूर्ति गर्ने मूल माध्यमका रुपमा शिक्षा रहने हुँदा शिक्षाको समुचित विकास विना व्यक्ति समाज र राष्ट्रको विकास नहुने भएकाले राज्यका हरेक व्यक्तिले शिक्षाको अवसर पाउनु पर्दछ । नेपालमा औपचारिक, अनौपचारिक र धार्मिक संस्थाहरुबाट शिक्षा दिने चलन धेरै समय अघि देखि भए पनि मुलुकमा अझै पनि करिव आधा जनसंख्या निरक्षर छन् । २०६८ को जनगणना अनुसार ६५.९ प्रतिशत साक्षर छन् भने ३४.१ प्रतिशत जनसंख्या अझैपनि निरक्षर छन् । करिव ८-९ प्रतिशत प्राथमिक तह उमेर समूह का बालबालिका विद्यालय शिक्षाको अवसरबाट वञ्चित छन् । कक्षा र तह बढ्दै जाँदा क्रमशः विद्यार्थी संख्या घट्दै जान्छ । भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक आदि कारणले विद्यालय नआउनेको संख्या बढी पाइन्छ । यसरी शिक्षा जस्तो मौलिक अधिकार र जीवनका आधारभूत आवश्यकताका रुपमा रहेको शिक्षामा सबै वर्ग, सम्प्रदाय, क्षेत्र, जातजाति, लिंग, आदिको समान सहभागिता हुनु जरुरी हुन्छ (अधिकारी, सन् २०१३, ६१०) ।

२०६८ को जनगाणना अनुसार नेपालमा १२५ जात जातिहरुको वासस्थान रहेको छ । जहाँ विभिन्न आदिवासीहरु सुचिकृत छन् (केन्द्रीय तथ्याङ्क विभाग) । जसमा गुरुङ, मगर, थारु, तामाङ्ग, दराई आदि जातिहरु पर्दछन् । उनीहरु सांस्कृतिक रुपमा धनी भएता पनि आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक हैसियतमा कमजोर छन् । यस्ता समुदायको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरु लागी परेका छन् तर पनि अवस्थामा उल्लेख्य सुधार आउन सकेको छैन । दराई जाति नेपालका पूराना जनजातिहरु मध्ये एक हो । जसको शैक्षिक अवस्थाका वारेमा यो अध्ययन केन्द्रित गर्न खोजिएको छ । यस ठाउँका दराई जाति

को शैक्षिक अवस्थाको एक अध्ययन हुन आवश्यक देखि "दराई जातिको शिक्षामा पहुँच" शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययन निम्न अनुसन्धानात्मक समस्याहरुमा केन्द्रित रहेको छ ।

- दराई जातिको शैक्षिक अवस्था के छ ?
- यस समुदायमा शिक्षा प्राप्तीमा प्रभाव पार्ने तत्वहरु के-के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

यस "दराई जातिको शिक्षामा पहुँच" का मुख्य उद्देश्यहरु निम्न अनुसार छन्:

१) दराई जातिको शैक्षिक स्थिति पत्ता लगाउने ।

२) दराई जातिको शिक्षाको पहुँचमा प्रभाव पार्ने तत्वहरु ।

## १.४ अध्ययनको महत्व एवं औचित्य

नेपालमा रहेका विभिन्न जातजातिहरुका आ-आफ्नै भाषा, संस्कृति, भेषभूषा, रहनसहन, रीतिरिवाजलाई निरन्तरता दिइरहेका छन् भन्ने कुरा विभिन्न विद्वान अनुसन्धानविद्हरुले गरेको अनुसन्धानले यस कुराको पुष्टि गर्दछ । नेपालमा भएका कतिपय जनजाति देशको मूल प्रवाहमा समेटिएका छन् भने कति देशका कुनाकाप्चामा अझसम्म पनि ओझेलमा परेका छन् ।

शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गराउँछ । मानिसमा चेतना भने बोलीचाली सिकाउने, रहनसहन लवाइ खुवाइ, भाषा, जीवन पद्धति, कार्यशैली, नैतिक व्यक्तिको व्यवहार, कार्यशैली जीवनस्तरमा परिवर्तन ल्याउँछ र क्षमताको विकास गराउँछ । सामाजिक, आर्थिक र राजनीतिक जस्ता महत्वपूर्ण क्षेत्रमा दराई जातिको खासै उल्लेख्य सहभागीता भएको पाइदैन त्यसकारण यस विषय अध्ययनको लागि छानिएको हो जसले निम्न कार्यहरुमा पनि सहयोग गर्ने अपेक्षा राखिएको छ ।

- यस अध्ययनले सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिलाई सहयोग गर्नेछ ।
- दराई जातिको शिक्षा प्रति चासो राख्ने व्यक्ति तथा संघ संस्थाहरुलाई यसले थप जानकारी दिन सक्छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्य पुनरावलोकन

## २.१ पूर्व साहित्य समिक्षा

शिक्षा मानव शक्ति र मानवचेतनाको विकासको प्रमुख तथा सशक्त माध्यम हो । सामाजिक गतिशीलताका कारक पक्षहरु भनेकै शिक्षा प्राप्त गरी अर्थ उपार्जन गर्नु, पद र प्रतिष्ठा र सामाजिक इज्जत र शक्ति प्राप्त गर्नु, व्यक्तिको दक्षता र योग्यताका अभिवृद्धि गर्नु हो (सिंह, २०६५ : १६५) ।

Bernard, Barber, 1957 का अनुसार शिक्षाले सामाजिक कट्टरता वा कठोरतालाई अन्त्य गर्दछ । जातीय, लैङ्गीय भेदभावलाई हटाई कठोर सामाजिक विभेदीकरणलाई हटाउँछ । शिक्षाले उच्च आदर्श उच्च प्रतिष्ठा, असल वानीहरुको निर्माण गराउन संघर्षरत रहन्छ । तथा स्थायी मूल्यहरुका नैतिक विचारहरु, सिद्धान्तहरु सिकाउँछ (सिंह, २०६५ : १६४) ।

समाजशास्त्री कृष्ण कुमारका अनुसार "शिक्षाको अवसरको निकासद्वारा शिक्षाले प्रवुद्ध वर्गको पुनरत्पादन गर्दछ र परिणाम स्वरुप मानिसहरु उच्च स्तर तथा शक्तिका भइहाल्छन् (सिंह २०६५ : १६४) ।

महिलाको शैक्षिक पहुँच सहभागितामा जोड दिँदै प्लेटोले लिंगको आधारमा असमानताको सिद्धान्तलाई स्वीकार गर्दैनन् । उनको भनाईमा ती व्यक्ति जो स्त्रीलाई पुरुषको तुलना दिन वा असमर्थ मान्दछन् । वास्तवमा तिनीहरु (स्त्री) का वारेमा केही जान्दैनन स्त्री तथा पुरुषका गुण तथा सामर्थ्यमा विशेष अन्तर छैन केवल वच्चा जन्माउने र त्यसको रेखदेख गर्नु नै स्त्रीहरुको एकमात्र काम हुनु हुँदैन । उचित शिक्षा एवं प्रशिक्षणद्वारा उनीहरुको व्यक्तित्वको पूर्णतया विकास गर्ने उत्तरदायित्व समाजले आफूमाथि लिनु पर्दछ । यसकारण महिला, (स्त्री) हरुको गुणको आधारमा उनीहरुलाई पुरुषले सदैव समान शिक्षा दिनुपर्दछ (अधिकारी २०६९: १४) ।

डिवे का अनुसार शिक्षा भनेको व्यक्तिको सम्पूर्ण सक्षमताहरुको विकास गर्नु हो जसले उनीहरुलाई आफ्नो वातावरणलाई नियन्त्रण गर्न र सम्भावनाहरु प्राप्ति गर्नमा सघाउँछ (अधिकारी, २०६९ : १४)।

सुकरातको अनुसार मानिसभित्र अदृश्य रुपमा रहेका सर्वमान्य विचारलाई प्रस्फुटन गराउनु नै शिक्षा हो (अधिकारी, २०६९ : १४)।

रुसोका अनुसार शिक्षा अरु केही होइन वानीहरुको निर्माण हो (अधिकार, २०६९ : १३)।

संयुक्त राष्ट्र संघको मानव अधिकारको घोषणा पत्र १९४८ को दफा २६ मा शिक्षाको अधिकारलाई निम्न अनुसार राखिएको छ । प्रत्येक व्यक्तित्वलाई शिक्षा पाउने अधिकार छ। शिक्षा कमसेकम प्रारम्भिक र आधारभूत अवस्थामा निशुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधि र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रुपले उपलब्ध हुनेछ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबुवालाई हुनेछ (सिंह, २०६५ : ३०८) । तर दक्षिण एशियाका मुलुकहरुमा सन् १९७५ सम्ममा प्राथमिक शिक्षालाई सर्वव्यापी वनाउन पुरै असफल भए । यही सन्दर्भमा पाकिस्तानको कराचीमा शिक्षा सम्वन्धी निती वनाउन दक्षिण एशियाली मुलुकहरुको सम्मेलन भएको थियो । जसले सन् १९९० सम्म सर्वव्यापी प्राथमिक शिक्षाको लक्ष्य पूरा गर्नुपर्ने अवधारणा ल्याएको थियो । उक्त लक्ष्य पूरा गर्न नसक्दै थाल्याण्डको जोमटीनमा सन् १९९० मा भएको सवैको लागि शिक्षा “Education for all” विषयक गोष्ठीले सन् २००० सम्ममा प्राथमिक विद्यालय उमरेका सवै वालवालिकालाई प्राथमिक आधारभूत शिक्षा दिने लक्ष्य राखेको थियो । उक्त लक्ष्यलाई पूर्णता दिन अधिकांश देशहरु असफल रहेकाले सन् २०१५ सम्ममा विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयीय शिक्षा सेवामा समेट्ने गरी सन् २००० मा सेनेगलको राजधानी डकारमा सम्मेलन भएको थियो । जे होस् विद्यालय उमेरका सवै वालवालिकाहरुलाई विद्यालयीय शिक्षा सेवामा समेट्ने भन्ने कुरा त्यति सहज नभए पनि व्यावहारिक शिक्षा, उचित तरिकाबाट दिएमा लक्ष्यलाई पूरा गर्न सहज हुने देखिन्छ (MOE/EFA, 2003: 3)।

नवौं योजनाका शैक्षिक उद्देश्य प्राप्तिका लागि श्री ५ को सरकार र विभिन्न दातृ संस्थाहरुको सम्झौता अनुरुप २०५६ साल श्रावण देखि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोश्रो चरणमा वालवालिकाको लागि शिक्षा र विशेष प्रकारका लक्षित समूहको लागि शिक्षा भन्ने दुई कार्यक्रमहरु लागू भएका छन् । यी कार्यक्रमहरुले वालवालिकाहरुको भर्ना वृद्धि गर्ने विद्यलयमा नियमितता कायम र प्राथमिक शिक्षा पूरा गर्न विविध कार्यक्रमहरु संचालन भएका छन् । विद्यालयमा भौतिक सुधार गर्ने महिला शिक्षक भर्ती गरी छात्रा भर्ना वृद्धि गर्ने वैकल्पिक विद्यालय कार्यक्रम अर्न्तगत शाखा विद्यालय out reach programme संचालन गरी टाढाको दुरीवाट विद्यालय आउन नसक्ने समस्या पूरा गर्ने, बालविकास केन्द्रको स्थापनाबाट सहुलियत प्रदान गर्ने निशुल्क पाठ्यपुस्तक वितरण र लैङ्गिक समानताका पाठ्यपुस्तक विकास र वितरण गर्ने तथा समुदाय परिचालन र शिक्षक तालिमबाट बालिकालाई गुणात्मक शिक्षा प्रदान गरिने जस्ता क्रियाकलापहरु यस दोस्रो चरणमा संचालन भएका छन् । यी क्रियाकलापहरु खास गरी दुर्गम र पिछडिएका समुहका वालवालिकाहरुका लागि लक्षित गरिएका छन् (शिक्षा विभाग, २०५८: ६) ।

शिक्षा एक वृद्धि र विकासको प्रक्रिया हो । शिक्षा, चिन्तन, कार्य र जीवनको एक गतिशील प्रक्रिया हो । शिक्षा सामाजिक, संवेगात्मक शारीरिक र वौद्धिक वृद्धि र विकास प्राप्तीको एक प्रक्रिया हो । शिक्षा ज्ञान सीप, प्रवृत्ति, व्यवहार र विचारको संगठित रुप हो । शिक्षा मानवीय जीवन भरमा प्राप्त हुने गरेका अनुभवहरुको एक समष्टि रुप हो । शिक्षा जीवन पर्यन्त चलिरहने एक गतिशील प्रक्रिया हो । शिक्षा मानव मस्तिष्कको उपज हो र सर्वाङ्गीण विकासको एक मात्र सशक्त माध्यम हो (शर्मा र शर्मा, २०६०) ।

शिक्षा व्यक्तिका आधारभूत आवश्यकताहरु मध्ये एक हो । यदि केटाकेटीले शिक्षा पाएनन् भने उनीहरुको मानव अधिकार हनन् हुन्छ । उनीहरुको मूलभुत क्षमता र रुचि कुण्ठित  हुन्छ । शिक्षा भनेको ज्योती हो । यसले जीवनका हर पक्षलाई उज्यालो पार्दछ । त्यसैले प्रत्येक देशका सरकारले सवैलाई शिक्षा दिने जिम्मेवारी लिएका हुन्छन् । किनकी शिक्षाबाटै समुदायको आर्थिक र सामाजिक उन्नति हुन्छ (युनेस्को सन्, २००३) ।

प्यानेको भनाईमा समाजको आवश्यकता, तथ्य र समाज शास्त्रको अध्ययन विना समाजले खोजेको व्यवहार मानिसले सिक्न सक्दैन र उक्त व्यवहार नसिकेसम्म एउटा व्यक्ति समाजमा मिलेर वाँच्न गाह्रो हुन्छ (वाग्ले र कार्की, २०५५: १४३) ।

शैक्षिक समाज शास्त्रलाई बढी लोकप्रिय वनाउनमा अमेरिकी शिक्षाशास्त्री जोन डिवेको योगदान विशेष उल्लेखनीय छ । उनले आफ्नो पुस्तकमा शिक्षा र समाज वीचको सम्वन्धको वारेमा यसरी प्रकाश पारेका छन् । उनका अनुसार प्राचिन साधारण जीवन ग्रामीण समुदाय र सामाजिक संरचनाहरुमा परिवर्तन हुँदै गइरहेको छ । परम्परागत मान्यतामा आधारित शिक्षण तथा धार्मिक संस्थाहरु बालबालिकालाई नयाँ वातावरण र परिवर्तन प्रति सचेत गराउन असमर्थ भइरहेका छन् । उनले सिकागोमा प्रयोगात्मक स्कुलको स्थापना गरे यस स्कुलको मुख्य लक्ष्य बालबालिकाहरुमा आपसी सहयोग र समामाजिकताको भावना जागृत गर्नु रहेको थियो । डिवेको अनुसार विद्यालय सानो समाज हो, जसले वृहत समाजको प्रतिनिधित्व गर्दै त्यसलाई सुधार सकेत गर्नु सक्नुपर्छ (विष्ट, २०४९: १०३) ।

विद्यार्थीको शिक्षालाई प्रत्यक्ष जीवनसँग सम्वन्ध गाँस्ने क्रममा विद्यालयलाई वालवालिकाका घर सम्म र उनीहरुका छिमेकका सामान्य जीवन सँग सम्वन्धित गराएर मात्र सम्भव हुन सक्छ (वाग्ले र कार्की, २०५५: १३७) ।

इमाइल दुर्खिम अर्का शैक्षिक समाजशास्त्री हुन उनले शैक्षिक समाजशास्त्रको सुदृढीकरणमा जोड दिएका छन् । उनले पनि शिक्षालाई सामाजिक विषय नै मानेको पाइन्छ । समाजका प्रत्येक अंशले सृजना गरेका आदेशहरुलाई अर्थ दिने र संरक्षण गर्ने काम शिक्षाले मात्र गर्न सक्दछ । समाजमा प्रत्येक सदस्यहसँग साझा गुणहरुको आवश्यकता पर्दछ । यस्ता साझा गुणहरुले नै उनीहरुलाई अर्का सँग समान तुल्याउँछ र समाज वाँच्न सक्दछ (वाग्ले र कार्की, २०५५: १३८) ।

समाजका प्रत्येक पक्ष शिक्षा सँग सम्वन्धित हुने भएकोले समाजमा जति पनि पक्षहरु छन् शिक्षाको पनि त्यति नै धेरै रुपहरु हुन सक्छन् । तसर्थ सामाजिक परिप्रेक्ष्य नै शिक्षाको प्रमुख निर्धारकको रुपमा मान्न सकिन्छ । (वाग्ले र कार्की, २०५५: १३८)

कार्ल मेनिहिम्ले पनि शैक्षिक समाजशास्त्रको विस्तारमा ठूलो योगदान दिएका छन् । उनका अनुसार शिक्षा समाजशास्त्रको एक गतिशील तत्व हो र शिक्षा एवम् सामाजिक विधि र सामाजिक नियन्त्रणका एक माध्यममा पनि हो । उनले के पनि भनेका छन् भने समाजशास्त्रीहरुले शिक्षालाई कुनै संस्कृतिका अमूर्त आदेशहरु प्राप्त गर्ने माध्यम मान्दैनन्

वा उनिहरु शिक्षालाई व्यक्तिलाई प्रभावित गर्ने प्रकृया मान्दछन् । शिक्षालाई सम्झनको लागि कुन समाज र कुन सामाजिक स्तरको लागि वालवालिकालाई तयार गर्दछ सो कुराको अध्ययन हुनु पर्दछ ।

पाउलेफ्रेरेका अनुसार शिक्षाको कार्य समाजका तल्लो वर्गका नागरिकलाई सचेत गर्नु हो उनका अनुसार शिक्षार्थीहरुलाई सामाजिक, आर्थिक र राजनैतिक अन्तरविरोधहरु सम्झन र ग्रहण गर्न सक्ने तुल्याउन र समाजका दमनकारी तत्वहरुका विरुद्ध उभिन सक्ने वनाउन सचेतीकरण आवश्यक छ । यस प्रकार केही शिक्षा शास्त्रीहरु शिक्षालाई सामाजिक क्रान्तिको हतियारको रुपमा प्रयोग गर्न सकिने संभावना व्यक्त गर्दछन् ।

केही शिक्षा शास्त्रीहरुको राय के छ भने सामाजिक प्रगति र परिवर्तन क्रमिक रुपमा सम्पन्न हुने प्रकृया हो र शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउन खोज्नु त्यति सजिलो कुरा होइन । त्यस कारण शिक्षाले बालबालिका तथा प्रौढहरुलाई सामाजिक नीति व्यवस्था आदिका वारेमा छलफल गर्न तथा विकल्पहरु पहिल्याउन र ठोस निष्कर्षमा पुग्न सहयोग गर्नु पर्दछ । मार्क्सवादी विचार धारावाट प्रेरित शिक्षाशास्त्रीहरुका अनुसार सामाजिक क्रान्तिको प्रमुख आधार वर्ग संघर्ष हो । उनीहरु यस्तो प्रकारको शिक्षाको चाहना गर्दछ् । जसले विद्यार्थीहरुमा समाजका परम्परागत संरचना, मूल्य तथा मान्यताहरु प्रति असन्तोष व्यक्त गरोस् । उनीहरुमा वर्गीय चरित्र तथा दृष्टिकोणको विकास गर्न सकोस् र समाजको अर्को वर्ग सामन्त वा पूँजीपतीहरुको विरुद्धमा संघर्ष गर्न प्रेरित गरोस् । यस शिद्धान्तका अनुयायीहरु शिक्षालाई क्रान्तिकारी उद्देश्यका निमित्त प्रयोग गर्नु पर्दछ भन्ने विचार व्यक्त गर्दछन् ।

शैक्षिक समाज शास्त्रले समाजमा शिक्षाको महत्वलाई दर्शाउने कार्य गर्दछ । ई. जर्ज प्यानेलाई शैक्षिक समाजशास्त्रका पिताको रुपमा मानिन्छ । उनले सम्पूर्ण शैक्षिक प्रकृयालाई समाजास्त्रका तथ्याङ्क र शिद्धान्तका आधारमा पूर्नमूल्याङ्कन गरिनु पर्दछ । समाजशास्त्रको अध्ययनबाट मात्र शिक्षाले व्यक्तित्व र व्यवहारको विकास गर्ने जुन लक्ष्य राखेको हुन्छ, त्यो प्राप्त गर्न सकिन्छ भनेका छन् । उनका अनुसार व्यक्तित्व विकास व्यक्ति र सामाजिक वातावरणको अर्न्तक्रियाको उपज हो । उनले शिक्षा प्रणालीको स्थापनामा सामाजिक सम्वन्धलाई स्थान दिनु जरुरी रहेको तथ्य पनि व्यक्त गरेका थिए (विष्ट, २०४९) ।

राष्ट्रभक्त, अनुशासित, उत्पादनशील, जनशक्ति निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ । शिक्षित जनशक्ति नै राष्ट्रको अमूल्य सम्पदा र प्रगतिका संवाहक हुन् । देशको वहु आयामिक विकास तथा प्रगति मुलुकले अख्तियार गरेको शिक्षा नीतिमा निर्भर गर्दछ (भण्डारी २०६८) ।

शिक्षा एउटा आधारभूत मानव अधिकार हो । यो कुनै एक मुलुक वा मुलुक-मुलुकहरुवीच शान्ती, स्थायित्व र दिगो विकासका निम्ति मुलभूत तत्व भएकोले द्रुत गतिमा भइरहेको विश्वव्यापीकरणबाट प्रभावित वीसौँ शताब्दीको समाज र अर्थतन्त्रमा प्रभावकारी साझेदारीको लागि अपरिहार्य साधन पनि हो । सवैका लागि शिक्षाको उद्देश्य प्राप्तिलाई धेरै समय सम्म स्थगित गर्न सकिन्न । सवैको आधारभूत शिक्षाको आवश्यकतालाई उच्च महत्वका साथ पुरा गरिनु आवश्यक छ (यूनेस्को २००३) ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र, सेरिडले १९८६ मा थारु समुदायमा गरेको अध्ययनमा ती समुदायका धेरै जस्तो बालबालिकाहरु भाषागत समस्याकै कारण विद्यालय जादैनन् । यदि ती बालबालिका विद्यालय भर्ना भएता पनि वीचैमा छाड्ने र धेरै जसो अनुपस्थित रहने प्रवृत्ति देखिन्छ । यस्तो समस्या धेरै जसो पिछडिएका जनजातिहरुमा अहिले पनि व्याप्त रहेको छ । जनजातिहरुमा रहेको निरहारताको प्रभाव उनीहरुको विकास दर आम्दानी गर्ने क्षमतामा पनि स्पष्ट परेको देखिन्छ । वाहुन क्षेत्री तथा नेवार जसको साक्षरता दर बढी छ, उनीहरु विकास क्रममा पनि माथि नै छन् भने उनीहरुको आम्दानी क्षमता पनि बढी नै देखिन्छ तर अन्य जनजातिहरु मुस्लिम, थारु, दलित तथा अन्य पेशागत जनजातिहरु भने विकासक्रम एवं आम्दानी क्षेत्रमा तल नै परेको देखिन्छ । त्यस्तै वाहुन, नेवार र क्षेत्रीहरुको विद्यालयमा वच्चाहरुको प्राथमिक तहको NER, खुद भर्ना दर बढी क्रमश, ९५%, ९१% र ७१% छ । तर मुस्लिम, थारु अहिर जातिहरु जसको साक्षरता दर समेत कम छ उनीहरुको वच्चाहरुको प्रारम्भिक भर्नादर पनि कम रहेको पाइन्छ (NRC-NFE 2001 No. 15: 15)।

सेरिडको १९८७ को अर्को अध्ययन अनुसार कृषि पेशामा संलग्न परिवारका सदस्यको बढी कक्षा छाड्ने दर पाइयो । घरको आय र छिटो विद्यालय जाने कार्यको वीचमा विपरीत सम्वन्धको अध्ययन गरियो । विद्यालय छाड्ने प्रमुख कारणमा घरमा कामको आवश्यकता नै हो भन्ने कुरा अवलोकनबाट देखियो । परिवारको आकार र छिट्टै विद्यालय

छाड्ने वीचमा पनि विपरीत सम्वन्ध पाइयो । तल्लो जातको समूहहरुमा जातिगत भेदभाव वढी पाइयो (CERID, 1987)।

आदिवासी तथा जनजाति समुदायले आफु मूल धारबाट अलग भएको महसुस गर्नुका साथसाथै राज्यले विकासको प्रयासभन्दा पर रहेको अनुभव साथै स्वाभिमानका साथै साझेदारीको रुपमा सहभागी हुन पाएका हुँदैनन् । मुलुकको समानुपातिक एवं सन्तुलित विकासमा अन्य जातिले जस्तै योगदान गरेको अनुभव गर्न सकेका छैनन् (राष्ट्रिय योजना आयोग, २०५५) ।

तनहुँ नवलपरासी र चितवनमा वसोवास गर्ने माछा मार्ने र कालीगण्डकी नदीको किनारमा सुन खोज्ने कार्य गर्दछन् । तर केही पुर्ख्यौली पेशा छाडी कृषि पेशा पनि अंगालेका छन् भित्रीमधेस र तराई क्षेत्रमा वसोवास गर्ने थारु जतिसँग, सांस्कृतिक तथा शारीरिक समानता दनुवार र तराई क्षेत्रमा वसोवास गर्ने थारु जतिसँग संस्कृति तथा शारीरिक समानता दनुवार, माझी र दराईको रहेको छ । विशेष गरी दराई, दनुवार कृषि र माछा मार्ने कार्यमा आश्रित छन् (विष्ट, १९९६) ।

माछा मार्ने कार्य वाहेक खेतीको समेत कार्यले दराई समुदायको आर्थिक स्थिति सुधारमा रहेको छ । मल र किरा फट्याङ्ग्रा मार्ने औषधी प्रयोग सहित विभिन्न किसिमका अन्य वाली लगाउने गर्दछन् । कृषिको कार्यमा संलग्न भएकोले परिवर्तन आएको छ (गडाल, २००१) ।

दराई मगर, वोटे, जातिको स्त्री र पुरुषको शारीरिक आकृतिमा त्यति फरक पाईदैन । अनुहार गहुँ गोरो, वाटुलो धेरैजसो नाक केही थेप्चो, जीऊ वाक्लो, पिडुँला गढिलो र आँखा अन्य जातिको भन्दा बाहिर निस्केको पाइन्छ (www.google.com) ।

नदिको किनारमा विशेषगरी वसोवास गर्ने दराईको आफ्नो भाषा रहेको छ । दराई भाषा इण्डो आर्यन समूह भित्र पर्दछ । मातृभाषा दराई भएतापनि नेपाली भाषा तिनीहरुको पहिलो भाषा मानिन्छ (डा. गुरुङ, १९९६) ।

दराई समुदाय आफ्नो पुर्ख्यौली पेशाबाट विस्तारै विमुख तथा विस्थापित हुँदै गइरहेको छ (www.google.com) ।

दनुवार, माझी, दराई नेपालका आदिकालीन वासिन्दा हुन् । यिनीहरु लामो समयसम्म जंगली जनावरको शिकार गर्ने र नदिका छेउछाउमा बस्दै आएका छन् । यिनीहरुको आर्थिक अवस्था कमजोर छ । यिनीहरु केही कालो वर्णका दुव्ला र पातला तर वलिया शरीर भएका हुन्छन् । कृषि, मजदुरी, पशुपालन, माछा मार्ने र शिकार गर्ने कायृमा संलग्न दनुवारहरु वाग्मती, कमला तथा सुनकोशी क्षेत्रको आसपासमा वसोवास गर्दछन् । यस्तै काठमाडौं, नुवाकोट, उदयपुर, सर्लाही, सिन्धुली, भक्तपुर, गोरखा, कास्की, सिन्धुपाल्चोक लगायतका जिल्लाहरुमा यिनीहरुको वसोवास छ । दनुवार माझी र दराई मध्ये बढी संख्यामा दनुवार रहेका छन् । सामान्य रुपमा नै सानो खर्च र मौलिक तरिका अनुसार नै केटा र केटीको विवाह हुन्छ । केटाले केटी माग्ने प्रचलन छ । दनुवार, माझी तथा दराईका बीच अर्न्तजातिय विवाह हुने गर्दछ । यिनीहरुको वसाई तराइ तथा पहाडी भागमा समेत भएकाले भेषभूषामा विविधता पाइन्छ । पहाडी मुलुकहरुमा पुरुषले कमिज, सुरुवाल, पाइन्ट कट्टु तथा महिलाहरुले सारी, चोलो पटुका र गरगहना लगाउँछन् भने तराइ मुलकाहरुले धोती, कछाड, लुङ्गी, कमिज पुरुषहरुले र महिलाहरु भने ब्लाउज, सारी गरगहना लगाउँछन्, यिनीहरुमा मागी तथा भगाउने दुवै प्रकृतिका विवाह पाइन्छ । मृत्यु हुँदा सामान्यतया जनाइन्छ तेह्र दिनसम्म काजक्रिया गर्ने प्रचलन देखिन्छ । यिनीहरुले वनदेवी र कुल देवतालाई विशेष मान्दछन् (आचार्य, २०६४) ।

दराई जाति नेपालको पिछडिएको जाति मध्ये एक हो । यिनीहरुको आगमन यसै ठाउँबाट भएको हो भनेर किटान गर्न नसकिएता पनि तनहुँको दमौलीमा भएको दराई जातिको विशाल वस्ती र नवलपरासी गैंडाकोट तथा चितवनमा भएको व्यापक वस्तीले गर्दा यिनीहरु या त तनहुँबाट आएका हुन् या त तराईका अन्य स्थानबाट भन्ने अनुमान गर्न सकिन्छ । शारीरिक वनावट लवाइ खवाई रितिस्थिती पनि हुवहु रुपमा नमिले पनि केही मात्रामा थारु जातिसँग मिल्ने हुँदा थारु जातिसँग विकसीत भएको हो भन्ने अनुमान गर्न सकिन्छ (कुंवर ढाकाराम, २०५९) ।

यो समुदायका मानिसहरु तनहु, जमजुङ्ग र नवपरासी जिल्लामा करीव एक लाखको हाराहारीमा रहेको छ । उनिहरु ढुंगा माटोले बनेको पुरानो नेपाली शैलीको माटोले नै लिपपोत गरीएका घरमा बसोबास गर्ने गर्दछन् (रिपब्लिका २०१२/१२/५) ।

दराईहरुको शैक्षिक तथा आर्थिक अवस्था अत्यन्त नाजुक रहेको छ । आफ्नै जग्गा जमिन नभएपनि कृषि पेशा अंगाल्न बाध्य उनीहरुको दैनिक जीवन यापन निकै कष्टकर छ । फलस्वरुप उनीहरु एकत्रीत भई समस्या समाधानका लागी प्रयासरत छन् दराई संस्कृतिको एउटा पक्ष हो रोदी घर जुन एउटा सानो घरमा दराई समुदायको युवा केटा केटीहरु गीत गाउने नाच्ने गर्दछन् । यो एउटा गोप्य इंगेजमेन्ट र भागेर विवाह गर्ने माध्यम हो (www.google.com) ।

दराईहरु आर्थिक रुपमा पछाडी र कम शिक्षित छन् र उनीहरु परम्परागत कृषिमा निर्भर छन् । दराइसँग specific दक्षता नभएको कारण अन्य क्षेत्रमा पछाडी छन् । महिला र पुरुष सवै खेतको काम र घरमा गाई भैंसी, बाखा, कुखुरा जस्ता पशुपालनमा समय विताउँछन् । धेरै जसो महिलाहरु वाइन (मुना/मोद) बनाउँछन् । विहानको खाजा वेलुका र पाहुनालाई पनि वाइनले सम्मान गर्ने र सवै पूजा आजामा पनि वाइनको प्रयोग गर्दछन् । दराईको जन्मदेखी मृत्यु सम्मकै संस्कारहरु अन्य जातिको भन्दा फरक छ । दराईहरुले प्रकृतीलाई भगवान मानी पूजा गर्ने हुनाले उनीहरुलाई प्रकृती पूजक पनि भनिन्छ (www.google.com) ।

प्राथमिक शिक्षाको विकास भन्ने नयाँ शिक्षा पद्धति २०२८ लागू भए तिव्र रुपमा हुँदै आएको पाईन्छ । रा.शि.प.२०२८ ले प्राथमिक शिक्षामा वढी जोड दियो । वि.सं. २०३२ मा प्राथमिक शिक्षा निशुल्क २०३५ साल देखि निशुल्क पाठ्पुस्तकको व्यवस्था गरियो जसले गर्दा विद्यार्थी सहभागिता क्रमशः बढी हुँदै गएको पाइन्छ (भण्डारी, २०६८) ।

## २.२ महिला तथा वालवालिकाको विकासमा भएका प्रयासहरु

संयुक्त राष्ट्र संघको महासभाद्वारा २० नोभेम्वर १९८९ मा बाल अधिकार सम्वन्धी महासन्धि (Convention on the Rights of Child (CRC) पारित भएकामा त्यसलाई सन् १९९० मा नेपालले अनुमोदन गऱ्यो र सन् १९९२ मा वाल अधिकार सम्वन्धि कानुन संसदबाट पारित भयो । जुन ऐनले वालवालिकामा जाति, लिङ्ग, धर्म, वर्ण, भाषा, शिक्षा, स्वास्थ्य, सरसफाई संरक्षण, सामाजिक अवस्था जस्ता कुरामा सवैको समान अधिकारको ग्यारेन्टी गरेको छ । यो ऐनमा आफ्ना वालवालिका प्रति अभिभावकको जिम्मेवारी समेत समावेश गरेको पाईन्छ । वालकल्याणकारी काय्रक्रमहरुको सुनिश्चित गर्नु र वालश्रमबाट

बालबालिकालाई संरक्षण गर्नु सरकारको दायित्व मानिएको छ । माल्दिभ्समा सम्पन्न सार्क सम्मेलनले वालविकास सम्वन्धी अनुमोदन गरेको र सन् १९९० लाई "Decade of the girl child" को नारा दिएको थियो । जुन नारालाई पुरा गर्न सदस्य राष्ट्रहरुको विशेष कार्यक्रमहरु संचालन गर्दै आएको पाइन्छ ।

महिला विरुद्धका सवै किसिमका भेदभावको उन्मुलन गर्ने महासन्धि (Convention on Elimination of All Forms of Discrimination Against Women (CEDAW) ले वालिका तथा महिलाहरु प्रति गरिने असमान व्यवहार, भेदभावलाई उन्मुलन गर्न र महिला तथा बालिकाहरुको हक अधिकारको संरक्षण र संम्बर्धन गर्न सघाउ पुगेको छ । यो महासन्धिलाई संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् १९७९मा पारित गऱ्यो । यसले महिला तथा पुरुषको वीचमा राजनीतिक तथा सामाजिक जीवनमा समान अधिकार, शिक्षामा समान पहुँच, रोजगारी तलवभत्ता र रोजगारीको सुरक्षामा कुनै भेदभाव नराख्ने कुरामा जोड दिएको छ ।

साडिक नाफिसका अनुसार आमाको शिक्षाले मात्र उनको परिवार सानो वनाउन र उनका बालबालिकाहरु जीवित राख्न मद्दत गर्दछ । परम्परागत जीवन शैलीले महिलाहरुको स्वास्थ्य खतरामा पर्न सक्छ त्यसवाट वच्ने एउटा वलियो सुरक्षा शिक्षा हो । शिक्षाले महिलाहरुलाई आफ्नो विकास गर्न सक्षम बनाउँछ । शिक्षाले महिलालाई खाली आमा मात्रको भूमिकाबाट वाहिर जान मद्दत गर्दछ । शिक्षित महिलाहरुले गुणात्मक परिवारको जीवनलाई उच्च प्राथमिकता दिन्छन् (NRC-NFC 2001: 8) ।

दलित तथा पिछडिएका वर्गको उत्थान गर्ने उद्देश्यले सर्वप्रथम २०२० साल भाद्र १ गते देखि नेपाल सरहदमा लागु भएको मुलुकी ऐन २०२० मा छुवाछुत र जातिभेद गर्न नपाइने व्यवस्था भयो तर त्यसको हाल सम्म प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुलाई विडम्वना नै मान्नु पर्छ ।

जतिभेद, रङ्गभेद विरुद्धको विश्व अभिसन्धिमा कुनै पनि जाति, वर्ण, लिङ्ग, धर्म तथा जात/जातिका आधारमा भेदभाव गर्ने खालका कानुन वनाउन नपाइने व्यवस्था छ । जसलाई नेपालले अनुमोदन गरिसकेको छ ।

सरकारी तथा गैरसरकारी संस्थाहरुबाट विद्यालयमा छात्रा, दलित तथा पिछडिएका जनजातिका बालबालिकाको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरेको पाइन्छ । यसरी विभिन्न किसिमका छात्रवृत्तिहरु प्रदान गर्नुको मुख्य उद्देश्य विद्यालय उमेर समूहका बालबालिका विशेष गरी छात्रा र दलित तथा पिछडिएका जातिका बालबालिकालाई विद्यालयमा ल्याउने र ल्याइरहेकालाई पनि तह पूरा नगरुन्जेल थामी राख्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने विशेष समूहका लागि अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा लागू गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सुझाव दिएको छ ।

हिन्दु धर्मको नाममा अत्यन्तै पक्षपाती एवं दमनका श्लोकहरु पुरानहरुमा छिराएर दलित तथा महिलाहरु पढ्नु हुँदैन एवं तत्कालिन शुद्रहरुले त छुवाछुत र जातिभेद जस्ता घृणित धार्मिक सजायको स्वीकार गर्दै 'खप्पर विश्वास प्रणाली' मा अन्धमक्त लागी गर्नुपर्ने सिद्धान्तको विकास गरियो । जसका कारण दलितहरु सदियौँ देखि अमानवीय जीवन व्यतित गर्न वाध्य पारिए । वाध्यात्मक शोषणको मारमा परेका तत्कालिन शुद्रहरु वर्तमानमा समेत अपाङ्ग सरह सामाजिक र आर्थिक हैसियत विहिन अवस्थामा 'दलित' भएर वाच्नु परिरहेको छ (कान्तिपुर दैनिकः ७) ।

**अन्तरिम संविधान २०६३ मा शिक्षा**

१) शिक्षा तथा समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।
२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा पाउने हक हुनेछ ।
३) नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।

**शिक्षामा राज्यको दायित्व**

१) शिक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने ।
२) शिक्षामा आरक्षणको व्यवस्था गरी आर्थिक, सामाजिक एवं पिछडिएका वर्ग तथा समुदायहरुको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागि निश्चित किसिमको योजना हुनुपर्दछ । त्यही योजना अनुरुप यस शोधकार्य सम्पन्न गर्नको लागि वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा आधारित रहको छ । दराई जातिको शैक्षिक अवस्था र शिक्षामा प्रभाव पार्ने तत्वहरुका बारेमा तथ्यहरु पत्ता लगाई ति परिमाणात्मक र गुणात्मक प्रकृतिका तथ्यहरुलाई आवश्यकता अनुसार वर्णन र विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

डेढगाउँ गा.वि.स. नवलपरासी जिल्लाको निर्वाचन क्षेत्र नं. २ पूर्व उत्तर सीमा पहाडी भेग काली गण्डकी वेशीमा पर्दछ । यस गा.वि.स.को पूर्वमा मिथुकरम, पश्चिममा रकुवा ,दक्षिणमा नरम गा.वि.स. पर्दछन् तर उत्तरमा भने तनहुँ र नवलपरासीको सिमाना वनेर काली गण्डकी वगेको छ । यस गा.वि.स.को भू-भाग समथर र पहाड गरी दुई भागमा विभाजति छ । दराइहरुको बसोवास कालीगण्डकी किनार नजिकको समथर भू-भागमा रहेको छ ।

यस शोधकार्यको लागि नवलपरासी जिल्लामा अवस्थित डेढगाउँ गा.वि.स. का दराई जातिलाई नै छनोट गर्नुको कारणहरु निम्न छन् ।

१) यस क्षेत्रमा वसोवास गर्ने दराई जातिहरुको यस प्रकारको विस्तृत अध्ययन नभएकोले ।

२) यस क्षेत्रका दराई जातिहरु शैक्षिक अवस्थाको कारण राजनीतिक आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडी परेकाले ।

३) शोधकर्ता स्वयं यसै क्षेत्रमा वसोवास गर्ने भएकोले सत्य एवं विश्वसनीय सूचना संकलन गर्न सजिलो हुने भएकोले ।

## ३.३ जनगणना विधि

डेढगाउँ गा.वि.स.का ९ वडाहरु मध्ये दराई जातिको वसोवास ३ वटा वडाहरुमा मात्र भएकोले दराई जाति रहेको वडाहरु वडा नं. ४, ६ र ७ छनौट गरिएको छ । ती वडाहरुमा भएका दराई घरधुरी ५७ मा सबै घरधुरीमा आफै गई जनगणना विधिबाट सर्वेक्षण गरिएको छ साथै वुढापाका, शिक्षक, जि.शि.अ., वुद्धिजीवी र समाजसेवीहरुबाट पनि जानकारी लिइएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

### तथ्याङ्कका स्रोतहरु

यस अध्ययनमा आवश्यकता अनुसार प्राथमिक र द्वितीय गरी दुवै खालको स्रोतहरुबाट आवश्यक तथ्याङ्कहरु सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क अध्ययन क्षेत्रका उत्तरदाताहरुबाट र द्वित्तिय तथ्याङ्कहरु यस अध्ययनसँग सम्वन्धित हुने खालको सम्वन्धित साहित्य, पुस्तक, अनुसन्धान प्रतिवेदन, जि.शि.का., भिलेज प्रोफाइल शिक्षा विभाग, शिक्षा मन्त्रालय, स्कुल रजिष्टर पत्रपत्रिका आदिवाट लेख, रचना र आवश्यक तथ्याङ्कहरु लिइएको छ ।

### तथ्याङ्क सङ्कलन प्रविधि

अध्ययन अनुसन्धानका लागि तथ्याङ्क संकलन प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । यस अनुसन्धानको क्रममा प्राथमिक र द्वितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा निम्न पद्धति अपनाइएको छ ।

### अन्र्तवार्ता

यस विधिबाट सम्बन्धित क्षेत्रका दराई जातिका सबै घरपरिवारका घरमुलीसँग सम्पर्क गरी उनीहरुबाट आफूलाई आवश्यक पर्ने सुचना लिनका लागि उद्देश्य अनुरुप तयार पारिएका प्रश्नहरु सोधी तथ्याङ्क सङ्कलन गरिएको छ । साथै यस विधिबाट उनीहरुको शैक्षिक अवस्था, सामाजिक, आर्थिक, पारिवारिक अवस्था, विवाह, उमेर उनिहरुको शिक्षा, प्राप्तिमा प्रभाव पारेका तत्वहरुका वारेमा जानकारी र तथ्याङ्कहरु लिइएको छ । शिक्षा प्रतिको धारणा,

छोरा र छोरीलाई दिइने शिक्षा र सुविधा प्रतिको विचार वा धारणा, दराई जातिको संस्कृति, भाषा र यहाँका दराइ समुदायको शिक्षाका लागि भएका सहयोग छात्रवृत्ति जस्ता कुराहरुका वारेमा पनि जानकारी तथा तथ्याङ्कहरु लिइएको छ ।

**अवलोकन**

समाजशास्त्रीय अध्ययनमा मानवीय अन्तरसम्बनधको स्वरुप बुझ्न, उनीहरुको संस्कृति, व्यवहार, क्रियाकलाप र गतिविधिलाई बुझ्नका साथै अनुसन्धानमा आवश्यक पर्ने सूचनाहरुलाई संकलन गर्न अवलोकन विधि महत्वपूर्ण विधि हो । आफैले देखेको यथार्थता कयौं व्याख्या भन्दा ज्यादै महत्वपूर्ण हुन्छ । आफूले देखेको र अनुभव गरेको कुराहरुको आधारमा तथ्याङ्क सङ्कलन गर्ने भएकोले प्राप्त तथ्याङ्कहरुको परिणाम बढी भर पर्ने हुँदा यस शोधमा अवलोकन विधिको पनि प्रयोग भएको छ ।

स्थलगत अध्ययनमा दराई जातिको पहिरन, खानपान, भेषभूषा, चाडपर्व, संस्कार, वोलीचाली, घरधन्दा, धर्म, भाषा र सामाजिक समस्याहरु जान्नका लागि साथै देखेका र अनुभव गरेका कुराहरुका आधारमा आवश्यक सम्पूर्ण सूचनाहरु लिनको लागि अवलोकन पद्धति अपनाइएको छ ।

**जानकार व्यक्तिसँगको अर्न्तवार्ता**

उत्तरदाता वाहेक उनीहरुका वारेमा स्पष्ट हुन नसकेका कुराहरुको जानकारी लिन सोही जातिका बुढापाका, अगुवा त्यस जातिका वारेमा विशेष चासो राख्ने समाजसेवी, राजनैतिक कार्यकर्ता विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका तथा अन्य संघसंस्थाका व्यक्ति समेतलाई सहभागी गराई त्यहाँको वास्तविकता पत्ता लगाइएको छ ।

**समुह छलफल**

अनुसन्धानलाई अझ बढी प्रमाणिक र विश्वसनीय बनाउनको लागि समूह छलफल समेत गरिएको छ । समूह छलफलमा विशेष गरी सोही जातिका अगुवा, शिक्षक र युवाहरुलाई सहभागी गराइएको छ । समूह छलफल मुख्य गरेर दराइ जातिको शैक्षिक अवस्था र शिक्षामा प्रभाव पार्ने तत्वहरुका बारेमा केन्द्रित गरिएको थियो ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा तथ्याङ्क संकलनका क्रममा प्राथमिक र द्वितिय स्रोतबाट संकलन गरिएको तथ्याङ्कलाई तालिकावद्ध गरिएको छ । गुणात्मक प्रकृतिका सूचनालाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र वोधगम्य वनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । परिमाणात्मक प्रकृतिको तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकाहरु बनाई आवश्यकता अनुसार प्रतिशत निकाली व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

१) यो अध्ययन एक गा.वि.स.मा सीमित रहेर गरिने अध्ययन भएकोले यस अध्ययनबाट प्राप्त निश्कर्षहरु अन्य व्यापक क्षेत्र र परिवेशमा हु-वहु लागु नहुन सक्छ ।

२) यो अध्ययन एम.ए. दोस्रो वर्षको आशिंक अशं भएकाले सिमित स्रोत साधन र समयमा गरिएको अध्ययन हुनाले सवै पक्ष नसमेटिन सक्छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ नवलपरासी जिल्लाको संक्षिप्त  परिचय

पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरु मध्ये नवलपरासी पनि एक हो । शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थलको रुपमा प्रख्यात लुम्विनी अञ्चलमा पर्ने यस जिल्लाको सम्पूर्ण भू-भागलाई दाउन्ने डाडाले करिव वीचबाट चिरी पूर्व तर्फ नवलपुर क्षेत्र र पश्चिम तर्फ परासी क्षेत्र गरी दुइ भागमा विभाजन गरेको छ । जिल्लाको लगभग मध्य भागवाट ९९ कि.मि. लामो महेन्द्र राजमार्ग द्वारा काटिएको यो जिल्ला २०१६.१६ वर्ग कि.मि. को फैलिएको छ । परासी जिल्लाको सदरमुकाम हो पूर्वको नवलपुर र पश्चिमको परासी क्षेत्र गाभी २०१८ सालमा यस जिल्लालाई नवलपरासी नामाकरण गरिएको हो । त्यस भन्दा अघि यस जिल्लालाई वुटवल जिल्लाको पाल्ही माझखण्ड भनिन्थ्यो (जि.वि.स. कार्यालय, २०६९) ।

यस जिल्लाको कुल क्षेत्रफल २०१६१६ हेक्टर मध्य खेती योग्य जमिन ७०१४३ हेक्टर अर्थात् ३४.७९ प्रतिशत र वांकी वन वुट्यान निकुञ्ज आदि पर्दछ । यस जिल्लामा न्यूनतम ५ डिग्री सेल्सियस र अधिकतम ४० डिग्री सेल्सियस औसत तापक्रम रहन्छ । वार्षिक औसत वर्षा २१४५ मि.लि. हुन्छ । यस जिल्लामा समशीतोष्ण, उष्ण तथा अर्ध उष्ण प्रकारको हावापानी पाइन्छ (जि.वि.स. कार्यालय, २०६९) ।

नवलपरासी जिल्ला भन्नाले तराई जिल्लाका रुपमा चिनिए तापनि भौगोलिक वनोटका हिसावले यो जिल्ला पहाड भित्री मधेस र तराई तीन क्षेत्र मिली बनेको छ । दाउन्ने पूर्व नवलपुर र दाउन्ने पश्चिम परासी मिली नवलपरासी नाम रहेको यो जिल्लामा वि.सं. २०३२ सालमा पाल्पा जिल्लाको सुदुर पूर्वी र दक्षिण तर्फको ठूलो भू-भाग गाभिएर वर्तमान स्वरुपमा रहेको । जिल्लाको कुल भू-भाग गाभिएर वर्तमान स्वरुपमा रहेको छ । जिल्लाको कुल भुभाग मध्ये ४५ प्रतिशत पहाडी क्षेत्रले र ५५ प्रतिशत भित्री मधेश तथा तराई क्षेत्रले ओगटेको छ । देवचुली, रुद्रपुर गढी, त्रिवेणी, धाम, रामग्राम, दाउन्ने देवी, पाल्ही, कुमारवर्ती, अकलादेवी, थारु भिलेज जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्र भएको यो

जिल्लामा नारायणी र काली गण्डकी जस्ता ठूला नदीका अतिरिक्त तुरीया, गोदावरी बौंदी, नीरन्दी, मुराई, केरङ्गे, अरुण खोला, विनयी, धनेवा र नन्दन वुटाहा, खुसीहवा, पिपरपाती, गैंडाताल आदी तालहरु रहेका छन् (जि.वि.स. कार्यालय, २०६९) ।

नवलपरासी जिल्ला १ नगरपालिका ७३ गा.वि.स. र १५ ईलाकामा विभाजित रहेको छ । प्रतिनिधि सभा सदस्यको निर्वाचनको दृष्टिकोणले यस जिल्लालाई ४ संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरिएको भएतापनि हाल संविधान सभा निर्वाचनका लागि यस जिल्लालाई ६ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ (जि.वि.स. कार्यालय, २०६९) ।

यस जिल्लाको जम्मा घरधूरी संख्या १, २८, ७९३ कुल जनसंख्या ६,४३,५०८ औसत परिवार संख्या ५०० रहेको छ । लैंगिक हिसावले पुरुष ३०३,६७५ (४७.१९%) र महिला ३३९८३३ (५२.८१%) रहेको छ । धार्मिक हिसावले हिन्दु ५६७४५० (८८.१८%), बौद्ध ३८६१५ (६%), इस्लाम २४१६० (३.७५%) किराँत ३५४ (०.०५५%) क्रिश्चियन १११८० (१.७४%), प्रकृति ३८९ (०.०६%), क्रिश्चियन १११८० (१.७४%), प्रकृति ३८९ (०.०६%) वोन ४६३ (०.०७%), बहाई (०.००१४) र अन्य ८८८ (०.१३%) छन् । शैक्षिक दृष्टिकोणबाट साक्षर प्रतिशत ७०.७३% छ जसा पुरुष ७९.८८% र महिला ६३.७३% रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

## ४.२ डेढगाउँ गा.वि.स.को परिचय

अध्ययन क्षेत्रको लागि छनौट भएको डेढगाउँ गा.वि.स. नवलपरासी जिल्लको निर्वाचन क्षेत्र नं. २ को इलाका नं. १ अर्न्तगत पूर्व उत्तर सीमा पहाडी भेग काली गण्डकी वेशीमा पर्दछ । साविक पाल्पा जिल्लाबाट नवलपरासी जिल्लामा गाभिएको क्षेत्र अर्न्तगत पर्ने यो गा.वि.स. बाट विभाजित भई वि.सं. २०३७ पछि मात्र भिन्न गा.वि.स. का रुपमा परिचित छ । काली गण्डकी र वौँदी खोलाले उत्तर, पूर्व र दक्षिण तीन तर्फ घेरिएको डेढगाउँमा वालीघाट, अकलादेवी मन्दिर र गुफा, कोत मौलो ऐतिहासिक धरोहरका रुपमा रहेका छन् (गा.वि.स. कार्यालय, २०६७) ।

करिव १५० वर्ष पहिला अन्तवीर राइटारले डेढगाउँ टार सिंचाई गर्ने उद्देश्यले वौदी खोलाबाट खनेको नहर सफल नभए पनि त्यसको प्रेरणाबाट २०३२ सालदेखि सञ्चालित

डेढगाउँटार सिंचाइ योजना र २०३४ मा निर्माण भएको खर्सानघाट झोलुङ्गे पुल यस गा.वि.स. को उन्नतिका लागि पूर्वाधारका रुपमा रहेका छन् । हाल आएर तनहुँ र नवलपरासी जोड्ने पक्की पुल निर्माणाधिन अवस्थामा छ ।

### ४.२.१ अवस्थिति

नवलपरासी र तनहुँ जिल्लाको सीमा वनेर पश्चिमबाट पूर्व तर्फ बन्ने काली गण्डकीको किनारमा अवस्थित डेढगाउँ गा.वि.स. ८४° १६” देखि ८४° २१” पूर्वी देशान्तर सम्म र २७° ४३” देखि २७° ४७” सम्म उत्तरी अक्षांस (अनुमानित) विचमा पर्दछ । यो गा.वि.स. को पूर्वमा मिथुकरम गा.वि.स. पश्चिममा रकुवा गा.वि.स. उत्तरमा तनहुँ जिल्लाको साभुङ भगवतीपुर गा.वि.स. र दक्षिणमा नवलपरासीकै नरम गा.वि.स. पर्दछ (गा.वि.स. कार्यालय, २०६७) ।

भौगोलिक स्वरुपले डेढगाउँ गा.वि.स. समथर र पहाड गरी दुइ भागमा विभाजित छ । गा.वि.स.को दक्षिण तर्फ पश्चिमबाट पूर्व हुँदै उत्तर काली गण्डकीमा मिसिएको बौंदी खोलाको किनार, खोला किनार देखी उत्तर पश्चिम तर्फ घरको आँगन झै चटक्क मिलेर उत्तर ढाल हुँदै काली किनार सम्म फैलिएको डेढगाउँटार यस गाउँको भौगोलिक स्वरुप हो (गा.वि.स. कार्यालय, २०६७) ।

भोगोलिक वनौट अनुसार माटाको फरकपनले र सिंचित, अर्ध सिंचित वा असिंचित क्षेत्रको कारण खेतीपाती पनि फरक परक पाइन्छ । काली नदीको किनारमा वलौटे प्रकारको माटो छ र मकै वोडी उब्जनी हुन्छ । वीच भागको फाँटमा पाँगो, रातो, फुस्रो, सीमसार र खहरे प्रकृतिका माटो पाइन्छ । सीमसार क्षेत्रमा धानको मात्र खेती हुन्छ भने सिंचित क्षेत्रमा धान, गहुँ, मकै, मसुरो, केराउ र तरकारी खेती हुन्छ । असिंचत क्षेत्रमा मकै, तोरी, मास, गहत, वोडी, भट्ट आदि खेती हुन्छ । डाँडा पाखामा फुस्रो ढुङ्गा मिसिएको माटो छ र मकै, कोदो, अदुवा, तोरी, मास केराउ, सिलुङ, गहत आदिको खेती हुन्छ (गा.वि.स. कार्यालय, २०६७) ।

### ४.२.२ जनसंख्या

वि.सं. २०१७ साल भन्दा पहिले डेढगाउँ गा.वि.स.को डाँडा पाखामा कामी, दमाई, मगर, ब्राह्मण क्षेत्री, नेवार धर्तीहरुको र फाँटमा दराई जातिको वस्ती थियो । औलो उन्मुलन कार्यक्रम पछि डेढगाँउ टारमा आफ्नै गाउँका डाँडा पाखामा वस्ने बासिन्दाका अतिरिक्त छिमेकी गा.वि.स. बाट समेत बसाई आउनेको चाप बढ्यो । २०२४ सालमा डेढगाउँ टार सिंचाइ योजना शुरु भए पछि त छिमेकी जिल्ला (पाल्पा, स्याङ्जा, तनहुँ) बाट समेत बसाई आउने क्रम निरन्तर चल्दै आयो । हाल डेढगाउँ गा.वि.स.को वडा नं. १ र २ पुरै वडा नं. ३, ८, ९ को केही मात्र डाँडा पाखामा र बाँकी वडाका भू-भाग फाँटमा पर्दछ । पाखामा मुख्य वस्ती मगर, दमाइ, कामीको छ भने फाँटमा दराई, नेवार, क्षेत्री, ब्राह्मण, मगर, कामी, दमै, ठकुरी, कुवँर आदिको वस्ती छ । विभिन्न जात जाति र नयाँ पुराना वासिन्दाको संगम थलो बनेको डेढगाउँ सामाजिक र सांस्कृतिक रुपमा एकतावद्ध भएर अगाडी बढेको छ । अनेकतामा एकता यो गाउँको विशेषता बनेको छ (गा.वि.स. कार्यालय, २०६७) ।

जनगणना २०६८ अनुसार डेढगाउँ गा.वि.स. मा ७५० घरधुरी रहेको छ भने ३२८६ जना जनसंख्या रहेको छ । पुरुषको जनसंख्या १४१२  ने महिलाको संख्या केही बढी भई १८७४ जना छन् । जसलाई वडा, घरधुरी, जातजाति, लिंग र उमेरको आधारमा तलका तालिकाहरुमा हेर्न सकिन्छ ।

## तालिका नं. १

## डेढगाउँ गा.वि.स.का ९ वडाहरुमा घरधुरीका आधारमा जनसंख्याको वर्गीकरण

| वडा | घरधुरी | जनसंख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | ८० | ३८९ | ११.८३ | १८४ | १३.३ | २०५ | १०.९३ |
| २. | २७ | १४८ | ४.५० | ६६ | ४.६७ | ८२ | ४.३७ |
| ३. | ७७ | ३१९ | ९.७० | १४१ | ९.९८ | १७८ | ९.४९ |
| ४. | ८६ | ३७५ | ११.४१ | १५५ | १०.९७ | २२२० | १.७३ |
| ५. | ६४ | २६१ | ७.९४ | १०० | ७.०८ | १६१ | ८.५९ |
| ६. | १११ | ५०० | १५.२१ | २१५ | १५.२२ | २८५ | १५.२० |
| ७. | ११५ | ५६० | १७.०४ | २३९ | १६.९२ | ३२१ | १७.१२ |
| ८. | ८२ | ३१७ | ९.६४ | १२८ | ९.०६ | १८९ | १०.०४ |
| ९. | १०८ | ४१७ | १२.६९ | १८४ | १३.०३ | २३३ | १२.४३ |
| जम्मा | ७५० | ३२८६ | १०० | १४१२ | १०० | १८७४ | १०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८

यस गाउँ विकास समितिमा रहेका ९ वटा वडाहरु मध्ये सवैभन्दा वढी घरधुरी भएको वडा ७ हो भने क्रमश: वडा नं. ६, ९ ४, ८, १, ३, ५ र २ हुन् । जनसंख्या वितरण पनी घरधुरी अनुरुप नै छन् । सवै भन्दा बढी जनसंख्या वडा नं. ७ मा रहेको छ । र सवैभन्दा कम वडा नं. २ मा जम्मा १४८ जना अथवा ४.५० प्रतिशत मात्रै जनसंख्या छ ।

## तालिका नं. २

## डेढगाउँ गा.वि.स. मा जाति तथा जनजातिको वर्गिकरण

| जाति | घर संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| क्षेत्री | ११६ | ५९२ | १९.३९ |
| नेवार | ९२ | ५१६ | १६.९० |
| कामी | ९८ | ५१० | १६.७० |
| ब्राह्मण | ७० | ३८० | १२.४४ |
| दमाई | ५७ | ४०२ | १३.१६ |
| दराई | ५७ | ३६५ | ११.९५ |
| ठकुरी | १० | ६५ | २.१२ |
| घर्ती | ४७ | २२३ | ७.३० |
| जम्मा | ५४७ | ३०५३ | १०० |

स्रोत : भिलेज प्रोफाइल, २०६७

यस गाउँ विकास समितिमा विभिन्न जातिहरु वसोवास गर्दछन् । ब्राह्मण, क्षेत्री, नेवार, कामी, दमाई, दराई, ठकुरी, घर्ती जस्ता जातिहरु विभिन्न वडाहरुमा छरिएर रहेका छन् । माथिको तालिका अनुसार सवैभन्दा बढी जनसंख्या क्षेत्रीको देखिन्छ जो १९.३९ प्रतिशत छ भने दोश्रोमा नेवार, तेश्रोमा कामी अनि क्रमशः दमाई, दराई, घर्ती र सवै भन्दा कम जनसंख्या ठकुरीको रहेको छ। जो २.१२ प्रतिशत मात्रै छ।

## तालिका नं. ३

## उमेर र लिंगका आधारमा डेढगाउँ गा.वि.स.को जनसंख्या

| उमेर समुह वर्षमा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०–५ | ११९ | ५.६६ | १६९ | ८.१९ | २८८ | ६.९१ |
| ६–१० | २४८ | ११.८० | २२४ | १०.८६ | ४७२ | ११.३३ |
| ११–१५ | २९७ | १४.१३ | २६७ | १२.९४ | ५६४ | १३.५४ |
| १६–२४ | ३९१ | १८.६१ | ४१० | १९.८८ | ८०१ | १९.२४ |
| २५–४५ | ६१७ | २९.३६ | ६१७ | २९.९२ | १२३४ | २९.६४ |
| ४६–६० | ३१८ | १५.१३ | २७९ | १३.५३ | ५९७ | १४.३४ |
| ६१–७५ | १०७ | ५.०९ | ९३ | ४.५१ | २०० | ४.८० |
| ७५ भन्दा माथि | ४ | ०.१९ | ३ | ०.१४ | ७ | ०.१६ |
| जम्मा | २१०१ | १०० | २०६२ | १०० | ४१६३ | १०० |

श्रोत : भिलेज प्रोफाइल, २०६७

माथिको तालिका नं. ३ अनुसार महिलाको तुलनामा पुरुषको जनसंख्या केही बढी छ । वच्चाको उमेर समुह ०-५, ६-१०, ११-१५ वर्षको तुलनामा १६-२१ र २५-४५ वर्ष उमेर समुहको संख्या बढी छ । सवैभन्दा वढी २५-४५ वर्ष उमेर समूहको संख्या छ जो २९.६४ प्रतिशत छ । त्यस पछि १६-२४ वर्ष उमेर समुहको संख्या १९.२४ प्रतिशत छ । वच्चा जन्माउने महिला उमेर समूह १६-२४ र २५-४५ को संख्या क्रमश १९.८८ र २९.९२ प्रचिशत देखिन्छ जो सवैभन्दा बढी हो । सवैभन्दा कम जनसंख्या ७२ वर्ष भन्दा माथि उमेर समुहको वृद्धहरुको छ जसमा पुरुषको संख्या ४ र महिलाको संख्या ३ मात्र छ ।

### ४.२.३ शिक्षा

'शिक्षा' जिवनको आधार हो, सभ्यताको पहिचान हो । मानव सभ्यताको विकासमा शिक्षा निर्वाह गरेको भूमिका अवर्णनीय छ । शिक्षा विनाको मानव जीवन अकल्पनीय प्राय छ । मानिसले यस धर्तीमा पाइला टेकेदेखि नै औपचारिक रुपमा होस् अथवा अनौपचारिक

रुपमा होस् शिक्षाकै सहारामा आफ्नो जीवनको गतिलाई अगाडी बढाइरहेको हुन्छ । मानव जीवनलाई सार्थकता प्रदान गर्ने क्रममा अनौपचारिक शिक्षामा परिवारले ठूलो भूमिका निर्वाह गरेको हुन्छ भने औपचारिक शिक्षामा उसले अध्ययन गर्ने विद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

पछिल्लो जनगणनाले देशका पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका ६५.९ प्रतिशत व्यक्ति मात्र साक्षर रहेको देखाएको छ । यस उमेर समूहका पुरुष ७५.१ र महिला ५७.४ प्रतिशत साक्षर छन् । यसै गरी ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका ६६.५ प्रतिशत तथा पुरुष र महिलाका क्रमश : ७५.९ र ५७.७ प्रतिशत साक्षर रहेको देखाएको छ । एस.एल.सी वा सो सरह उत्तीर्ण गर्ने १०.२ प्रतिशत देखिन्छन् भने एस.एल.सी भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरु १०.२ प्रतिशत देखिएका छन् । यो तथ्याङ्कले अहिले पनि देशमा ठूलो जनशक्ति स्कुल तहको शिक्षा भन्दा पनि वाहिर छ भन्ने देखाउँछ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

**तालिका नं. ४**

**डेढगाउँ गा.वि.स.को शैक्षिक अवस्था**

| उमेर | निरक्षर | | | साक्षर | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ६–१५ | ३६ | ५२ | ८८ | ४२३ | ४०७ | ८३० |
| १६–४५ | ५३ | १२९ | १८२ | ७५१ | ६४२ | १३९३ |
| ४६–६० | ८७ | १६१ | २४८ | १७० | १०७ | २७७ |
| ६०+ | ६९ | ८५ | १५४ | २३ | ८ | ३१ |
| जम्मा | २४५ | ४२७ | ६७२ | १३६७ | ११६४ | २५३१ |

श्रोत : भिलेज प्रोफाइल, २०६७

माथिको तालिका नं. ४ अनुसार पुरुषको तुलनामा महिला बढी निरक्षर छन् । स्कुल जाने उमेरका समूह ६-१५ वर्ष उमेर समुहका जनसंख्या पनि बढी नै देखिएको छ । एउटै गा.वि.स. मा ८८ जना निरक्षर बालबालिका हुनु भनेको बढी हो । सबै भन्दा बढी साक्षरता

१६-४५ उमेर समूहको देखिएको छ । ६० वर्ष माथिको उमेर समुहमा भने साक्षर जनसंख्याभन्दा निरक्षर जनसंख्या बढी छ । त्यसमा पनि ६० वर्ष माथिका महिलाहरु जम्मा ८ जना साक्षर छन् र पुरुष २३ गरी जम्मा ३१ जना साक्षर छन् भने १५४ जना निरक्षर रहेका छन् ।

**तालिका नं. ५**

**डेढगाउँ गा.वि.स.को शैक्षिक स्तरको विवरण**

| विवरण | पुरुष | महिला | जम्म्मा |
|---|---|---|---|
| एस.एल.सी. वा सो सरह | १६६ | १२५ | २९१ |
| प्रविणता प्रमाण पत्र | ६१ | ३४ | ९५ |
| स्नातक वा सो सरह | १३ | ६ | १९ |
| स्नातकोत्तर वा सो सरह | ११ | ४ | १५ |
| विद्यावारिधी | ० | ० | ० |
| जम्मा | २५१ | १६९ | १५८ |

श्रोत : भिलेज प्रोफाइल, २०६७

यस तालिका नं. ५ अनुसार महिलाको संख्या भन्दा पुरुषको संख्या बढी छ । यस गा.वि.स. मा स्नातकोत्तर गर्ने महिलाको संख्या जम्मा ४ रहेको छ भने पुरुष ११ जना छन् । विद्यावारिधी गर्ने यहाँ एक जना पनि नभएको पाइयो । ४१६३ जना जनसंख्या भएको गा.वि.स. मा एस.एल.सी. पास गर्ने २९१ जना, प्रविणता गर्ने ९५ जना, स्नातक गर्ने १९ र स्तानकोत्तर गर्ने जम्मा १५ जना मात्र भएको पाइयो । जम्मा जनसंख्यामा करिव ४ प्रतिशत (३.७९%) मात्र विद्यालय शिक्षाबाट माथिल्लो शिक्षा आर्जन गरेको पाइयो यो अति न्यून हो ।

**डेढगाउँ गा.वि.स.का विद्यालयहरुमा शैक्षिक सहयोग गर्ने संस्थाहरु र कार्यक्रमहरु निम्न अनुसार छन् :**

**क) वालविकास केन्द्रका वालवालिकाको लागि गुणस्तरीय सिकाई वातावरण कार्यक्रम**

सन् २०११ को मे महिना देखी सञ्चालनमा छ । प्रारम्भिक वालविकास उमेर (३-५) वर्षका वालवालिकाहरुको लागि लक्षित यो कार्यक्रम सेभ चिल्ड्रेन र जिल्ला शिक्षा कार्यालयको सहकार्यमा सञ्चालन भइरहेको छ । साना बालबालिकाको सुरक्षा, संरक्षणको वातावरणमा सुधार ल्याई सिकाईलाई प्रभावकारी बनाउन, बालविकास केन्द्रहरुलाई बालसुलभ सामग्रीयुक्त वनाई सहयोगी कार्यकर्ताहरुको ज्ञान तथा सीप अभिवृद्धि गर्ने तथा बालविकासको बारेमा सरोकारवालाहरुलाई सचेत वनाउने यसको उद्देश्य छ ।

**ख) पुस्तकालय निर्माण**

अन्तराष्ट्रिय गैर सरकारी संस्था रुम टु रिड र जिल्ला शिक्षा कार्यालयको सहकार्यमा यस गा.वि.स.का विद्यालयहरुमा पुस्तकालय निर्माण गरिएको छ ।

### ४.२.४ **कृषि**

डेढगाउँ गा.वि.स.का वासिन्दाहरुको जिविकोपार्जनको मुख्य पेशा कृषि हो । यहाँका प्रति कृषक परिवार औषत १७ रोपनी -न्यूनतम १ रोपनी देखि अधिकतम ६५ रोपनी सम्म) खेत पाखो जग्गा रहेको छ । केही किसान ऐलानी जग्गामा वसोवास गरी ज्याला मजदुरी गरेर जीवन यापन गरेका छन् । खेती गर्ने तरिका हाल सम्म पनि परम्परा वादी नै छ । डेढगाउँ टार सिंचाइ योजनाले गर्दा यहाँ सिचिंत र असिंचित खेती गर्ने जग्गा लगभग वरावर छ । सिंचित क्षेत्रमा धान, गाहुँ, मकै, मुसुरो, केराउको खेती हुन्छ भने पाखो जग्गामा मकै, कोदो, मास, वोडी, तोरी भट्टमास, केराउ, मुसुरो, गहत, अदुवा सिल्टुङ आदि खेती हुन्छ । मौसम अनुसारका सागसव्जी र तरकारी वाली खेत पाखो दुवैमा गरिन्छ । हाल आएर केही मात्रामा रसायनिक मलको प्रयोग भए पनि मुख्य गरेर भैंसी, गाइगोरु र बाखाको मलको भरमा खेती गर्ने, गरिन्छ । जोत्ने काममा गोरुको साथै ट्रयाक्टरको प्रयोग हुन्छ । खेती कार्यमा घरको परिवारले गर्ने लगायत अर्म पर्म र खेताला लगाउने चलन छ (गा.वि.स.कार्यालय, २०६७) ।

यहाँका वासिन्दा मध्ये ६० प्रतिशतलाई आफूले उव्जाएको अन्नले वर्षभरी खान पुग्छ भने बाँकी ३० प्रतिशतलाई ६ महिना र त्यसपछि १० प्रतिशतलाई तीन महिना मात्र खान पुग्छ । केही व्यक्तिहरुले खेतीपातीको अतिरिक्त अन्य पेशाबाट पनि केही गरी परिवारको भरणपोषण गरेको पाइन्छ । त्यस्तो पेशामा सिकर्मी, डकर्मी, कपडा सिलाई, रेडियो, घडी मर्मत आदि पर्दछन् । वि.क. ले फलामका फाली, कोदाली, खुर्पा वनाउने मर्मत गर्ने र दमाइले लुगा सिलाउने गरी विष्ट कमाउने (काम गरेको सट्टामा अन्न लिने) चलन पनि यद्यपी कायमै छ । केही व्यक्तिहरुले सरकारी, गैर सराकारी र नीजि क्षेत्रमा काम गर्दछन् भने केही व्यक्तिहरु भारत खाडी, मलेसिया, कतार, साउदी, अरव, दुवई र वृटिस सेनामा समते कामका लागि गएका छन् । हाल आएर व्यापार व्यवसाय तर्फ पनि केही परिवार अग्रसर भएका छन् (गा.वि.स.कार्यालय, २०६७) ।

### ४.२.५ स्वास्थ्य सुविधा

नेपाल मातृ तथा बाल मृत्युदर बढी हुने देश मध्ये पर्दछ । देशभित्रै पनि शहरको तुलनामा ग्रामीण क्षेत्रको अवस्था अझ भयावह छ । ग्रामिण क्षेत्रसम्म स्वास्थ्य सुविधाको पहुँच नगन्य भए पनि डेढगाउँ गा.वि.स. मा २०१७ सालमै स्थापित रकुवा हेल्थ सेन्टर ( हाल रकुवा हेल्थ पोष्ट) र २०५४ सालमा स्थापित इलाका आर्युवेदिक औषधालय छ । स्तरीय सेवा र सुविधा नपाए पनि सामान्य स्वास्थ्य सुविधा र विविध खोप कार्यक्रमले स्वास्थ्य क्षेत्रमा केही सेवा उपलब्ध छ । परम्परा देखि लामा झाँक्री र झार फुकमा विश्वस्त जन मानसमा विस्तारै परिवर्तन आए पनि औषधीको चर्को मूल्यले गर्दा झार फुक गर्ने, धामी झाक्री लगाउने प्रचलन कायमै छ । सुत्केरी अवस्थामा स्वास्थ्य कर्मीको सहयोग लिने क्रममा भने क्रमिक वृद्धि हुँदै छ ।

### ४.२.६ खाद्यान्न

यस गा.वि.स. का मानिसहरुको खानामा विशेष गरी जाँड, दाल, भात, तरकारी, रोटी, माछा, मासु नै मुख्य खाना हो । ब्राह्मण, क्षेत्रीमा वाहेक अन्य जातका मानिसहरु जस्तै दराई, मगर, घर्ती, नेवार, दलितहरु सवैको मुख्य खाना दाल भात सँग जाँड हो । जुन विहानको खाना, दिउँसोको खाजा साथै साँझ र विहानको खाना सँग पनि खाने चलन छ ।

### ४.२.७ डेढगाउँ गा.वि.स.को संस्कृति, धर्म र जीवन शैली

डेढगाउँ गा.वि.स.का मानिस औसतमा साधारण जीवनशैलीका छन् । यहाँ ब्राह्मण, क्षेत्री, नेवार, दराई, मगर, घर्ती, कामी, दमाई जातिका मानिसहरुको वसोवास छ । जसमा दलित समुदायको मानिसको जीवनशैली न्यून छ । गाउँमा धेरै जसो युवाहरु काम र दामका लागि साउदी अरव, मलेसिया, दुवई, कतार जस्ता खाडी मुलुकमा गएको हुनाले प्राय : गाउँमा बुढाबुढी र बाल बच्चाहरु मात्र भेटिने गर्दछन् । विशेष गरी दराई र मगर जातका मानिसहरुले आफ्नै परम्परागत भेषभूषा केही मात्रामा प्रयोग गर्ने भएता पनि प्राय जसो आधुनिक पहिरनको नै प्रयोग गरेको पाइन्छ ।

### ४.२.८ रितिरिवाज र परम्परा

यहाँका वासिन्दाहरुमध्ये अधिकांश हिन्दु धर्मावलम्वी रहेको पाइन्छ । व्राह्मण, क्षेत्री वाहेकका जातिहरु दैनिक जिवनमा दिनहुँ धार्मिक कार्यक्रम गर्ने नभई चाडपर्वहरुमा मात्र उत्सव मनाउने गर्दछन् । जाति विशेषमा आ-आफ्नै प्रकारका रितिरिवाज र परम्परा पनि रहेको छ । दलितहरु मध्येमा पनि तँ भन्दा म ठूलो, म भन्दा तँ सानो भन्ने चलन पनि रहेको छ । यहाँका मानिसहरुलाई विशेष गरी ३ किसिममा बाड्न सकिन्छ तागादारी, मतवाली र दलित । यहाँ विशेष गरी हिन्दु धर्मावलम्वीहरुको वर्चस्व छ भने वौद्ध र क्रिश्चियनहरु पनि केही मात्रामा रहेका छन् । ता पनि दशैंमा नवदुर्गा भवानीको पूजा अराधना गर्दछन् ।

### ४.३ डेढगाउँ गा.वि.स.का दराई जनसंख्या

यस अध्ययन नवलपरासी जिल्लाको डेढगाउँ गा.वि.स. मा वसोवास गर्ने दराई जातिको शिक्षा सँग सम्वन्धित रहेको छ । यस गा.वि.स. मा वडा नं. ४, ६ र ७ मा गरी जम्मा ५७ घरपरिवार रहेको छ र जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**दराई जातिको जनसंख्या विवरण**

| लिंग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १९५ | ४९.७४ |
| महिला | १९७ | ५०.२६ |
| जम्मा | ३९२ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. ६ अनुसार अध्ययन गरिएको घर परिवारमा पुरुषको संख्या १९५ अर्थात् ४९.७४ प्रतिशत रहेको छ र महिलाको संख्या १९७ अर्थात् ५०.२६ प्रतिशत रहेको छ । घरपरिवारको संख्या हेर्दा प्रति परिवार औसत ६.८ जनाको परिवार रहेको देखिन्छ । पुरुषभन्दा महिलाको संख्या २ जनाले मात्रै बढी रहेको छ ।

**तालिका नं. ७**

**उमेरको आधारमा दराई जनसंख्या विवरण**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| ०–५ | ३५ | ८.९३ |
| ६–१४ | ८५ | २१.७० |
| १५–४५ | २०० | ५१ |
| ४६–६० | ५६ | १४.३९ |
| ६१+ | १६ | ४.०९ |
| जम्मा | ३९२ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ७ अनुसार सबैभन्दा बढी जनसंख्या १५ देखि ४५ वर्ष उमेर समहूको देखिन्छ जो ५१ प्रतिशत छ । यि उमेर समूह भनेको सबै भन्दा बढी उत्पादनशील क्षमता

हुने र प्रजनन् क्षमता पनि बढी हुने उमेर समूह हो । यस दराई समुदायका ती उमेर समूहका पुरुषहरु पढाइ बीचमै छोडी आयआर्जनको लागि छिमेकी मुलुक भारत लगायत साउदी अरव, मलेसिया, कतार, ओमान, यू.ए.ई. जस्ता मुलुकहरुमा जाने गरेका छन् । महिलाहरु भने आफ्नो उमेरको महत्वपूर्ण समय घरखेत, पशुपालन र बालबच्चा स्याहार सुसारमा नै खर्च गर्ने गरेको पाईयो । महिला र पुरुषको संख्या लगभग वरावर जस्तो नै भए पनि आय आर्जनको लागि कुनै पनि महिला देश वाहिर गएका छैनन् । ०.५ वर्ष उमेर समूहका वच्चाहरुको संख्या ३५ जना रहेको छ भने ६-१४ वर्ष उमेर समूहमा ८५ जना अर्थात् २१.७० प्रतिशत रहेको छ । यो उमेर समूह भनेको आफ्नो अभिभावकमा निर्भर रहने उमेर हो । ४६.६० वर्ष उमेर समूहको संख्या ५६ जना वा १४.३९ प्रतिशत रहेको छ भने ६१ वर्ष भन्दा माथिल्लो उमेर समूहको संख्या सबैभन्दा कम १६ जना अर्थात् ४.०९ प्रतिशत छ । यसबाट पनि थाहा पाउन सकिन्छ की यस समुदायमा खानपान सरसफाई र स्वास्थ्य उपचारको राम्रो व्यवस्था एवं पर्याप्त ज्ञान छैन ।

# अध्याय पाँच

# दराई जातिको शैक्षिक अवस्था

देशको विद्यमान गरीवी उन्मुलन गर्न, आर्थिक, सामाजिक उत्थान मार्फत जीवन स्तरमा अनुकुल सुधार गर्न तथा मानवीय स्रोत र साधनहरुको उचित विकासद्वारा राष्ट्रिय विकासको लक्ष्य हासिल गर्न शिक्षालाई मूल माध्यमको रुपमा लिइएको छ । सामान्य अर्थमा पढ्नु, लेख्नु वौद्धिक कुराकानीहरु गर्न सक्नु, समस्या समाधान गर्न सक्नुलाई शिक्षा भनिन्छ । वास्तवमा शिक्षा प्राप्त गर्नु भनेको किताबी ज्ञान आर्जन गर्नु मात्र नभई सामाजिक परिवेशमा व्यवहारिक योगदान समेत गर्न सक्नु हो यसरी योगदान पुऱ्याउन सक्ने शिक्षालाई नै स्तरीय शिक्षा वा गुणस्तर भएको शिक्षा भन्ने गरिन्छ । शिक्षा एउटा यस्तो प्रकृया हो जसद्वारा व्यक्ति जटिल सामाजिक स्वरुप वा संरचना सँग समायोजन हुन सक्छ मानिसको वानी र व्यवहारमा वाञ्छनिय परिणामका परिवर्तन ल्याउनु नै शिक्षा मानिन्छ ( अनौपचारिक शिक्षा केन्द्र, सांक्षिप्त समाचार विशेषाङ्क २०५७ : २३) ।

समाजमा शिक्षाको ठूलो महत्व छ । शिक्षाले व्यक्तिको सामाजिक हैसियतमा वृद्धि ल्याउने मात्र नभई उनीहरुको कार्य गर्ने परम्परावादी प्रवृत्तिमा परिवर्तन ल्याउँछ ।

## ५.१ ५ वर्ष माथिका दराई जनसंख्याको शैक्षिक अवस्था

५ वर्ष माथिका दराई जनसंख्याको शैक्षिक अवस्थालाई तहगत रुपमा छुट्टयाइएको छ । प्राथमिक तह देखि उच्च शिक्षा सम्म अध्ययनरत कति र पास गरिसकेका वा पास गरेर छाडेका जनसंख्यालाई प्राथमिक, निम्न माध्यमिक, माध्यमिक (एस.एल.सी) र १०+२ सम्मको तहलाई अध्ययनरत र तह उत्तीर्ण भनी छुट्याइएको छ । प्राथमिक भन्नाले कक्षा १-५ सम्म, नि.मा.वि. भन्नाले ६-८ सम्म र माध्यमिकम भन्नाले ९ र १० मा अध्ययनरत वा एस.एल.सी. पासलाई लिइएको छ । १०+२ भन्दा माथिल्लो तहलाई उच्च शिक्षा भनिएको छ साथै सामान्य पढ्न लेख्न सक्नेलाई साक्षर र पढ्न लेख्न नसक्नेलाई निरक्षरमा लिइएको छ । जुन निम्न अनुसार छ ।

## तालिका नं. ८

## ५ वर्ष माथिका दराई जनसंख्याको शैक्षिक अवस्था

| शैक्षिक अवस्था | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्राथमिक अध्ययनरत | २८ | १५.३८ | २९ | १६.७६ | ५७ | १६.०५ |
| प्रा. पास | २५ | १३.७३ | १५ | ८.६७ | ४० | ११.२६ |
| नि.मा.वि. अध्ययरत | २१ | ११.५३ | २१ | १२.१३ | ४२ | ११.८३ |
| नि.मा.वि. पास | १८ | ४.८९ | १६ | ९.२४ | ३४ | ९.५७ |
| मा.वि. अध्ययनरत | ९ | ४.९४ | ९ | ५.२० | १८ | ५.०७ |
| एस.एल.सी. पास | १६ | ८.७९ | ४ | २.३१ | २० | ५.६३ |
| १० + २ अध्ययनरत | ३ | १.६४ | ४ | २.३१ | ७ | १.९७ |
| १० + २ पास | ७ | ३.८४ | २ | १.१५ | ९ | २.५३ |
| उच्च शिक्षा | १ | ०.५४ | ० | ० | १ | ०.२८ |
| साक्षर | ३२ | १७.५८ | ३९ | २२.५४ | ७१ | २० |
| निरक्षर | २२ | १२.०८ | ३४ | १९.६५ | ५६ | १५.७७ |
| जम्मा | १८२ | १०० | १७३ | १०० | ३५५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस तालिकान नं. ८ मा ५ वर्ष भन्दा माथिका उमेर समूहको शैक्षिक अवस्थालाई हेरिएको छ । यसमा अध्ययनरत र तह उत्तीर्ण गरेको भनी छुट्टाइएको छ । यस दराई समुदायमा प्राथमिक तह सम्म पास गर्ने केही बढी भए पनि तह बढ्दै जाँदा जनसंख्या घट्दै गएको पाइएको छ । यस गा.वि.स.भरीमा १०+२ पास गर्ने पुरुष ७ जना र महिला २ जना भएता पनि त्यस भन्दा माथिल्लो तहमा अध्ययनरत १ जना मात्र रहेको पाइयो । किनकी आर्थिक विपन्नताको कारण पढाईलाई निरन्तरता नदिई आयआर्जन मुलक कार्य तिर लाग्ने गरेको र महिलाहरुले चाँडै विवाह गर्ने र घरव्यवहारमा नै आफ्नो समय विताउने हुनाले पढाईलाई निरन्तरता नदिएको पाईयो भने १०+२ भन्दा माथिल्लो तहमा अध्ययनरत १ जनाको आर्थिक स्थिति (परिवारको आय) उच्च रहेको पाइयो ।

यस समुदायमा पढाईलाई निरन्तरता दिन नसकेको भएता पनि स्कुल जाने उमेरका वालवालिका स्कुल भर्ना नै नभएको भने पाइएन यसैले यस समुदायमा जनचेतनाको वृद्धि हुँदै भएको अवस्था पाइयो ।

## ५.२ प्राथमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक शैक्षिक सत्र विवरण २०६९/७०

पछिल्लो जनगणनाले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरमा ६५.९% व्यक्ति मात्र साक्षर रहेको देखाइएको छ । यसकारण यस गा.वि.स. का दराई बालबालिका र अन्य जातिको सहभागितालाई तुलनात्मक रुपमा हेरिएको छ । यो तथ्याङ्क गा.वि.स.मा भएका सबै सामुदायिक प्रा.वि.हरुबाट लिइएको हो ।

**तालिका नं. ९**

**प्राथमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक शैक्षिक सत्र विवरण २०६९/७०**

| जाति | छात्रा | | छात्र | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | ४१ | २१.८० | ६० | २३.१६ | १०१ | २२.५९ |
| नेवार | ३५ | १८.६१ | ४५ | १७.३७ | ८० | १७.८९ |
| विश्वकर्मा (दलित) | २७ | १४.३० | ४२ | १६.२१ | ६९ | १५.४३ |
| व्राह्मण | ३० | १५.९५ | ३८ | १४.६७ | ६८ | १५.२ |
| नेपाली (दलित) | १९ | १०.१० | ३२ | १२.३५ | ५० | ११.१८ |
| दराई | १८ | ९.५७ | २० | ७.७२ | ३८ | ८.५० |
| ठकुरी | ३ | १.५९ | ५ | १.९३ | ८ | १.७८ |
| मगर/घर्ती | १५ | ७.९७ | १७ | ६.५६ | ३२ | ७.१५ |
| जम्मा | १८८ | १०० | २५९ | १०० | ४४७ | १०० |

स्रोत : विद्यालय रजिष्टर, २०७०

माथिको तालिका नं. ९ अनुसार सवैभन्दा बढी क्षेत्री जातिको सहभागिता देखिन्छ । जो २२.५९% रहेको छ । त्यसपछि नेवार १७.८९% र विश्वकर्मा (दलित) र व्राह्मण वरावर

१५.४३ र १५.२% छ भने नेपाली (दलित) ११.४० छ भने दराई वालवालिकाको ८.५० प्रतिशत सहभागिता पाइयो । सवैभन्दा कम ठकुरी १.७८ छ भने मगर/घर्तीको ७.१५% छ । जम्मा विद्यार्थी संख्यामा ४२.०५% छात्रा छन् भने ५७.९४% छात्रको संख्या छ ।

प्राथमिक तहमा सवै वर्ग समुदायलाई समेट्नको लागि जिल्ला शिक्षा कार्यालयले छात्रवृत्तिको व्यवस्था गरेको छ र यो यहाँका स्कुलहरुमा पनि लागु भएको छ । यस दराई समुदायमा ५ वर्ष उमेर माथिका जम्मा जनसंख्याको १५.९६ प्रतिशत वालवालिका प्राथमिक विद्यालयमा भर्ना भएका छन् । जसमध्ये १०.६४ प्रतिशत वालवालिका सामुदायिक विद्यालयमा भर्ना भएका छन् । यो संख्या जम्मा विद्यार्थी (सवैजाति) संख्याको ८.५० प्रतिशत हो ।

### ५.३ निम्न माध्यमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक विवरण शैक्षिक सत्र २०६९/७०

२०६८ जनगणना अनुसार निम्न माध्यमिक तह (कक्षा ६ देखी ८ सम्म) उत्तीर्ण गर्नेहरुको संख्या २०.३ प्रतिशत छ । तह बढ्दै जाँदा विद्यार्थी संख्या पनि घट्दै जाने प्रवृत्ति विद्यमान छ । जसमा, दलित, तथा पछाडी परेका जनजातिहरु बढी पर्दछन् । यो तथ्याङ्क नि.मा.वि. तह (कक्षा ६-८ सम्म) को जातजातिगत विवरण गा.वि.स.मा संचालित २ वटा विद्यालयबाट लिइएको छ । यस गा.वि.स. मा निम्न माध्यमिक तह सम्म अध्यापनरत विद्यालयहरु २ वटा मात्र छन् ।

## तालिका नं. १०

## निम्न माध्यमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक शैक्षिक सत्र विवरण २०६९/७०

| जाति | छात्रा | | छात्र | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | ३५ | १९.२३ | ५३ | २०.१५ | ८८ | १९.७७ |
| नेवार | ३० | १६.४८ | ४७ | १७.८७ | ७७ | १७.३० |
| विश्वकर्मा (दलित) | २५ | १३.७३ | ३७ | १४.०६ | ६२ | १३.९३ |
| व्राह्मण | ३३ | १८.१३ | ४५ | १७.१ | ७८ | १६.८५ |
| नेपाली (दलित) | १६ | ८.७९ | २५ | ९.५० | ४१ | ८.०८ |
| दराई | २१ | ११.५३ | २१ | ७.९८ | ४२ | ९.४३ |
| ठकुरी | ५ | २.८४ | ७ | २.६६ | १२ | २.६९ |
| मगर/घर्ती | १७ | ९.३४ | २८ | १०.६४ | ४५ | १०.११ |
| जम्मा | १८२ | १०० | २६३ | १०० | ४४५ | १०० |

स्रोत : विद्यालय रजिष्टर, २०७०

माथिको तालिका नं. १० अनुसार सवैभन्दा बढी नि.मा.वि. तहमा अध्ययनरत विद्यार्थी संख्या क्षेत्री जातिको १९.७७% छ । त्यस्तै नेवार १७.३०, विश्वकर्मा १३.९३%, व्राह्मण १६.८५%, दराई ९.४३% छ। सवैभन्दा कम ठकुरी २.६९% रहेको छ। क्षेत्री, नेवार, व्राह्मणको संख्या बढी हुनु र जनजाति तथा दलितको संख्या कम हुनुमा समाजमा उच्च आर्थिक हैसियत भएका र न्यून आर्थिक हैसियत वीचको फरक नै हो यद्यपी ठकुरीको भने जनसंख्या नै कम रहेको छ। नि.मा.वि.तहमा अध्ययनरत दराई समुदायको यो संख्या ५ वर्ष माथिका कुल ज नसंख्याको ११.७६ प्रतिशत हो ।

## ५.४ माध्यमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक विवरण शैक्षिक सत्र २०६९/७०

नेपालका कुल जनसख्याको १०.२ प्रतिशतले मात्रै एस.एल.सी वा सो सरह उत्तीर्ण गरेका छन् (राष्ट्रिय जनगणना, २०६८) । नेपालको सन्दर्भमा विद्यार्थीले कक्षा दोहोऱ्याउने तथा बीचैमा पढाई छाड्ने क्रम बढी छ । डेढगाउँ गा.वि.स.को दराई जाति तथा अन्य जो माध्यमिक (कक्षा ९ र १०) तहमा अध्ययनरत विद्यार्थीको तथ्याङ्क यहाँको एक मात्र माध्यमिक विद्यालय डेढगाउँ उच्च मा.वि. वाट लिइएको हो ।

**तालिका नं. ११**

**माध्यमिक तहमा दराई बालबालिका र अन्य तुलनात्मक शैक्षिक सत्र विवरण २०६९/७०**

| जाति | छात्रा | | छात्र | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | १३ | २२.०३ | १५ | २३.०७ | २८ | २२.५८ |
| नेवार | १२ | २०.३३ | १३ | २० | २५ | २०.१६ |
| विश्वकर्मा (दलित) | ४ | ६.७७ | ५ | ७.६९ | ९ | ७.२५ |
| ब्राह्मण | ११ | १८.६४ | ११ | १६.९२ | २२ | १७.७४ |
| नेपाली (दलित) | १ | १.६९ | २२ | ३.०७ | ३ | २.४१ |
| दराई | ९ | १५.२१५ | ९ | १३.८४ | १८ | १४.५१ |
| ठकुरी | ३ | ५.०८ | ३ | ४.६१ | ६ | ४.८४ |
| मगर/घर्ती | ६ | १०.१६ | ७ | १०.७६ | १३ | १०.४८ |
| जम्मा | ५९ | १०० | ६५ | १०० | १२४ | १०० |

स्रोत : विद्यालय रजिष्टर, २०७०

माथिको तालिका नं. ११ अनुसार सवैभन्दा बढी क्षेत्री २२.५८%, नेवार २०.१६%, ब्राह्मण १७.७४%, दराई १४.५१%, मगर घर्ती १०.४८%, विश्वकर्मा ७.२५% र ठकुरी ४.८४% छ भन सवै भन्दा कम नेपाली जम्मा २.४१% मात्रै छ । जम्मा विद्यार्थी संख्या को ४७.५८% छात्रा र ५२.४१% छात्र माध्यमिक तहमा अध्ययनरत छन् । माध्यमिक तहमा अध्ययनरत विद्यार्थी संख्यामा दराई बालबालिकाको सहभागिता क्षेत्री नेवार ब्राह्मणको भन्दा

कम छ तर दलितको भन्दा चाही बढी नै पाइयो । यसो हुनुको कारणमा स्थानीय शिक्षकका अनुसार समाजमा क्षेत्री, नेवार र ब्राह्मणको आर्थिक हैसियत दराईको भन्दा उच्च छ र अभिभावकहरु पनि बालबालिकाको पढाइ प्रति दराई समुदायको तुलनामा बढी सचेत छन् भने दलितहरुको आर्थिक स्थिति दराइको भन्दा पनि अझै कमजोर हुनाका साथै अभिभावकमा पनि शैक्षिक चेतनाको कमी छ । त्यसैले यस्तो हुन गएको हो । जम्मा विद्यार्थी संख्यामा दराई समुदायबाट छात्रछात्राको वरावर सहभागिता रही १४.५१ प्रतिशत रहेको पाईयो यो संख्या ५ वर्ष उमेर माथिका जम्मा दराई जनसंख्याको ५.०४ प्रतिशत हो ।

### ५.५ उच्च शिक्षामा दराई समुदायको सहभागिता

शिक्षाको विकासले समाजको आर्थिक, सामाजिक, प्राविधिक लगायत विकासका सम्पूर्ण ढोका खोल्दछ । खासगरी औपचारिक शिक्षाको माथिल्लो तहलाई उच्च शिक्षा भन्ने गरिन्छ । यो उच्च शिक्षाको विस्तारले समाजको समग्र पक्षलाई प्रभावित गर्दछ । आज विश्व खुम्चेको छ भौतिक वस्तु माथि मानिसले नियन्त्रण कायम गर्ने प्रयास गरिरहेको छ । कोठामा बसेर विश्वलाई हेर्न सक्ने स्थितिमा मानिस पुगेको छ । विश्वका विकसीत अविकसीत मुलुकहरुले विज्ञान र प्राविधिको विकासमा फड्को मारेको कारण नै यो संभव भएको हो । यो उच्च शिक्षाको उपलब्धि हो । शिक्षा प्राप्तिका क्रममा जति जति तहहरु चढ्दै गएको हुन्छ त्यति नै व्यक्तिको उत्पादन क्षमता वृद्धि हुने र सोही अनुसार उसको सामाजिक आर्थिक स्थितीमा फेरवदल आउने गर्छ र सामाजिक गतीशीलता विस्तार हुने गर्छ । व्यक्तिमा शिक्षाको तह जति जति बढ्दै जान्छ उसको सामाजिक गतीशीलता त्यत्ति नै विस्तार हुन्छ । यहाँ उच्च शिक्षा भन्नाले एस.एल.सी. भन्दा माथिल्लो तहलाई लिइएको छ ।

**तालिका नं. १२**
**उच्च शिक्षामा दराई समुदायको सहभागिता**

| उपाधि | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रविणता प्रमाणपत्र तह उत्तीर्ण | ७ | २ | ९ |
| स्नातक तह | १ | - | १ |
| स्नातकोत्तर | - | - | - |
| जम्मा | ८ | २ | १० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

नेपालमा कुल जनसंख्याको १०.२ प्रतिशतले एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गरेका छन् (राष्ट्रिय जनगणना, २०६८) । तर यस गा.वि.स.का जम्मा दराई जनसंख्याको २.५५ प्रतिशतले मात्रै एस.एल.सी. भन्दा माथिल्लो तह हासिल गरेका छन् । यो अति कम हो । त्यसमा पनि स्नातकोत्तर सम्म पुग्नेको संख्या शुन्य छ । यसो हुनुको कारणमा दराई समुदायको गरीवी, छोरा र छोरी प्रति गरिने भेदभाव, छिटो विवाह गर्ने चलन, अभिभावकले बालबालिकालाई उनीहरुको शिक्षाप्रति उत्प्रेरणा जगाउन र प्रोत्साहन दिन नसक्नु, बालबालिकालाई उच्च शिक्षा दिनुभन्दा छिटो पारिवारिक जिम्मेवारी दिनु र कुनै संघ संस्था तथा सरकारी तवरबाट पनि दराई समुदायको उच्च शिक्षाको लागि छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोग नभएकोले गर्दा हो भन्ने प्रतिक्रिया पाईयो ।

## ५.६ निजी विद्यालयमा दराई बालबालिकाको सहभागिता

देशमा शिक्षित वेरोजगारको संख्या वढिरहेको वेला गुणस्तरीय शिक्षा, आवश्यक भौतिक पूर्वाधारका लागि भन्दै समाज दुई भागमा बाँडिएको छ । हुनेखाने धनी वर्गले आफ्ना सन्तानलाई महंगा निजी विद्यालयहरु पढाउन थालेका छन् भने गरिवीले थिचिएका वर्गका सन्तानले साक्षर हुने मौका समेत पाएका छैनन् । यस डेढगाउँ गा.वि.स. मा रहेका प्राथमिक तह सम्म सञ्चालनमा रहेका २ वटा निजी विद्यालय रहेका छन् । यस दराई समुदायबाट प्राथमिक तहमा अध्ययनरत ५७ जना बालबालिका मध्ये ९ जना बालिका र १० जना बालक गरी जम्मा १९ जना बालबालिकाहरु स्थानीय निजी विद्यालयमा भर्ना भई अध्ययन गरेको पाइयो । यो प्राथमिक तहमा अध्ययनरत जम्मा दराई बालबालिकाको ३३.३३ प्रतिशत हो (स्थलगत सर्वेक्षण, २०७०) ।

## ५.७ बाल विकास केन्द्र र दराई बालबालिकाको सहभागिता

यस डेढगाउँ गा.वि.स.मा विद्यालय भवनमा नै ८ वटा वालविकास केन्द्रहरु सञ्चालित छन् जसमा १ जना सहयोगी कार्यकर्ता दराई समुदायबाट (ज्योतीमाया दराई) रहेको पाइयो भने दराई बालबालिकाको सहभागिता एकदमै न्यून भएको पाईयो । जम्मा छात्रा ५३ र छात्र ५२ गरी १०५ जना भर्ना भएकोमा दराई समुदायबाट छात्रा ३ जना र छात्र ३ जना गरी जम्मा ६ जना बालविकास केन्द्रमा भर्ना भएको पाइयो । यद्यपी यो

उमेरका बालिका ८ र बालक ८ गरी जम्मा १६ जना  छन् । यो ३ देखी ५ वर्ष उमेरका दराई बालबालिकाको जम्मा संख्याको ३७.५ प्रतिशत हो (जिल्ला शिक्षा कार्यालय, २०७०) ।

## ५.८ अनौपचारिक शिक्षामा दराई समुदायको सहभागिता

नियमित विद्यालय जान नसकी औपचारिक शिक्षाको अवसरबाट वन्चित विभिन्न उमेर समूहलाई आधारभूत शिक्षा र निरक्षर प्रौदहरुलाई आधारभूत साक्षरता शिक्षा दिने उद्देश्यले अनौपचारिक शिक्षा केन्द्र मार्फत आधारभूत प्रौढ साक्षरता, साक्षरोत्तर, वैकल्पिक विद्यालय तथा खुल्ला विद्यालय कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यसका साथै सामुदायिक सिकाइलाई प्रर्वद्धन गर्ने उद्देश्यले सामुदायिक अध्ययन केन्द्र र पिछडिएका समुदायका विपन्न महिलाहरुलाई समूहमा आवद्ध गराई स्थानीय व्यवसायमुखी आयआर्जन कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

साक्षर नेपाल कार्यक्रमको अभियान अर्न्तगत नवलपरासी जिल्लाको डेढगाउँमा पनि यस कार्यक्रम सञ्चालनमा आएको छ । कक्षा प्रणाली, समूह प्रणाली र each one teach one प्रणालीको अवधारणा रहेको यस अभियानले निरक्षरता उन्मुलन गर्ने उद्देश्य लिएको छ । यस कार्यक्रमले लक्षित ७० प्रतिशत निरक्षरलाई निरन्तर कक्षा प्रणालीबाट साक्षर बनाउने र बाँकी ३० प्रतिशतलाई आम सरोकारवालाहरुको संरक्षणमा साक्षर बनाउने लक्ष्य लिएको छ । यस गा.वि.स. भरीमा जिल्ला शिक्षा कार्यालयवाट १५ वटा कक्षा र गाउँ विकास समितिको अनुदानमा ५ वटा कक्षा गरी जम्मा २० वटा कक्षाहरु २०७० माघ ४ गते देखि सञ्चालनमा आएको छ । सवै कक्षामा १/१ जना साक्षरता स्वयम् सेविकाको दरले २० जना साक्षरता स्वयम् सेविकामध्ये १ जना दराई (गीता दराई) साक्षरता स्वयम् सेविका रहेको पाइयो । यस साक्षरता कक्षामा जम्मा ३३१ जना महिला र २४ जना पुरुषहरु भर्ना भएकोमा दराई समुदायबाट २० जना महिला र ७ जना पुरुषहरु भर्ना भएको पाइयो । जुन जम्मा संख्यामा महिला ६.०४% र पुरुष २९.१६ प्रतिशत हो (जिल्ला शिक्षा कार्यालय, २०७०) ।

# अध्याय छ

# दराई जातिको शिक्षामा प्रभाव पार्ने तत्वहरु

शिक्षा मानवीय जीवनमा जन्मदेखी मृत्यु सम्म चलिरहने प्रक्रिया हो । यसको शुरुवात र विकास मानव समाजको विकास सँगै भएको मानिन्छ । शिक्षालाई मानवीय व्यवहार परिवर्तनको एक महत्वपूर्ण तत्वको रुपमा लिने गरिन्छ । शिक्षाले हरेक व्यक्तिलाई वर्तमानमा समायोजनको लागि निर्देशित र प्रशिक्षित गर्दछ भने भावी जीवनका लागी पनि उत्तिकै आवश्यक पर्दछ ।

शिक्षाले मानवलाई पूर्ण जीवनयापनका लागि तयार पार्दछ । समाजमा हरेक व्यक्तिको जन्म एउटा जैविक प्राणीको रुपमा हुने गर्छ तर कालान्तरमा शिक्षाले व्यक्तिलाई सफल सामाजिक प्राणी बनाउँछ । यसर्थ पनि शिक्षा मानव जीवनको ज्योती हो । यसले सफल जीवनका मार्गहरु निर्देशन र निर्धारित गर्ने गर्दछ । संसारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउँछ । शिक्षाले नै युवा पुस्ताको सामाजिकीकरणमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षा नै चेतना र परिवर्तनको पहिलो खुड्किलो हो ।

शिक्षा यति महत्वपूर्ण हुँदाहुँदै पनि सबै जातजाति, वर्ग सम्प्रदायले समान रुपमा शिक्षा पाएका छैनन् । शिक्षाको अवसर बाट वञ्चित हुनेमा विशेष गरी हुँदा खाने र नहुँदा नखाने वर्ग तथा गरिव पिछडिएका जनजाति, दलित र महिला पर्दछन् । जसमा दराई पनि एक हो । शिक्षा प्राप्तीमा आर्थिक, सामाजिक तत्वहरु, सांस्कृतिक मूल्य मान्यता, चेतना, परम्परा, भाषा जस्ता तत्वहरुले प्रभाव पारेको हुन्छ ।

यो अध्ययन दराई जातिको शिक्षा र शिक्षामा प्रभाव पारेका तत्वहरुको भएकोले यहाँ दराई जातिको शिक्षामा प्रभाव पारेका तत्वहरुलाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ६.१ परिवारको आय

नेपालका अधिकांश परिवार गरिव छन् । ती घरपरिवारको कार्यहरु पहिले वाँच्नको लागि हुन्छन् । त्यसपछि मात्र अन्य कार्य गर्दछन् । परिवारको जीवन स्तरलाई निर्धारण गर्ने तत्व परिवारको आम्दानी हो । त्यसैले परिवारको आम्दानीलाई दराई जातिको शिक्षामा

प्रभाव पार्ने तत्वको रुपमा लिईएको छ । स्थलगत सर्भेक्षणको क्रममा परिवारको १ वर्षको कमाइलाई रुपैयामा नापिएको थियो । यसरी नाप्ने क्रममा उत्पादित वस्तुको त्यस क्षेत्रको बजार मुल्य, व्यवसाय नोकरी, पेन्सन र रेमिट्यान्सलाई आधार मानेर हेरिएको थियो । परिवारको आम्दानी र शैक्षिक उपलब्धीलाई तुलना गरेर हेरिएको छ । प्रश्न सोध्ने क्रममा तपाईको परिवारमा गत वर्ष कति आम्दानी भएको थियो ? भनि सवै उत्तरदाताहरुसँग सोधिएको थियो जुन निम्न अनुसार छ ।

**तालिका नं. १३**

**परिवारको आय र शैक्षिक उपलब्धि**

| आय | परिवार संख्या | प्रतिशत | नि.मा.वि.पास | एस.एल.सी.पास | १०+२ पास |
|---|---|---|---|---|---|
| ०-१० हजार सम्म | ८ | १४.३ | ५ | - | - |
| १०-२० हजार सम्म | ८ | १४.३ | ८ | १ | - |
| २०-५० हजार सम्म | ११ | १९.२९ | १२ | ४ | १ |
| ५० हजार - १ लाख सम्म | १७ | २९.८२ | १४ | ५ | ४ |
| १ लाख भन्दा बढी | १३ | २२.८० | १३ | १० | ५ |
| जम्मा | ५७ | १०० | ५२ | २० | १० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. १३ अनुसार अत्यन्तै गरीवीको रेखा मुनि रहेका परिवार जसको वर्षभरीको आम्दानी १० हजार भन्दा पनि कम थियो त्यस्ता ८ परिवारबाट नि.मा.वि. मात्रै पास गर्ने पनि जम्मा ५ जना पाईयो त्यो भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेको संख्या पाइएन । जति जति परिवारको आय बढी छ त्यति नै शिक्षामा उपलब्धी बढी भएको र कम आम्दानी हुने परिवारमा शैक्षिक उपलब्धी कम भएको पाईयो । त्यसैले दराई जातिको शिक्षामा प्रभाव पार्ने तत्वहरु मध्ये परिवारको आय एक महत्वपूर्ण तत्व भएको पाइयो ।

## ६.२ पेशा

पेशा भन्ने शब्दले व्यक्तिको मुख्य कार्यलाई बुझाउँछ, जसले व्यक्तिको सामाजिक र आर्थिक अवस्थाको परिचय दिन्छ साथै व्यक्तिलाई निश्चित श्रेणी दिन्छ । विशेषगरी ग्रामीण इलाकामा परिवारको मुख्य व्यक्तिको पेशाले त्यस परिवारका अन्य सदस्यलाई पनि प्रभाव पारेको हुन्छ । पारिवारीक पेशा जस्तै कृषि, घरेलु जस्तो पेशामा सवै सदस्यको आवश्यकता हुन्छ । जसले शिक्षामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । यस शोधमा यहाँका घरपरिवारको पेशालाई कृषि, व्यवसाय, रोजागरी (वैदेशिक र स्वदेशी) को रुपमा वर्गीकरण गरी सोको आधारमा अध्ययन क्षेत्रको स्थलगत अध्ययन गरिएको थियो । तपाई र तपाईका परिवारका सदस्यहरु कुन कुन पेशामा आवद्ध हुनुहुन्छ ? भनी प्रश्न सोधिएको थियो, जसको तालिका तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४**

**पेशाको आधारमा दराई जनसंख्या विवरण**

| **पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | १५३ | ६४ |
| वैदेशिक रोजगार | ७३ | ३० |
| शिक्षक | ४ | १.६८ |
| प्रहरी | २ | ०.८४ |
| व्यवसाय | ५ | २.१० |
| पेन्सन | १ | ०.४२ |
| जम्मा | २३८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

स्थलगत सर्भेक्षणको क्रममा बहुसंख्यक जनताको जीविकोपार्जनको मुख्य पेशा कृषि पाईयो । जुन ६४ प्रतिशत छ । कृषि वर्षभरि नै काम नसकिने पेशा हो । कृषिमा जहिले पनि श्रम शक्तिको आवश्यकता हुन्छ । जसले गर्दा विद्यालय तहमा अध्ययनरत विद्यार्थीले पनि विद्यालयमा अनियमित हुने सम्भावना बढी हुन्छ । साथै अनौपचारिक शिक्षा कार्यक्रममा

भाग लिने मौका पनि कम हुन्छ । वैदेशिक रोजगारमा ३०% युवा संलग्न छन् । शिक्षक, व्यवसाय, सरकारी जागीरमा न्यून सहभागिता देखियो । यसै क्रममा तपाइलाई तपाइको समुदायको शिक्षामा पेशाले कस्तो र कसरी प्रभाव पार्दछ ? होला जस्तो लाग्दछ । भनी सोधिएको प्रश्नमा शिक्षक, व्यापार जस्ता पेशा भएका परिवारमा पैसाको अभाव कम हुन्छ । पढ्नु र पढाउनु पर्छ भन्ने तर्फ सचेत हुन्छन् अनि त्यस्तो परिवारका सदस्यको शिक्षा र शैक्षिक स्थिती राम्रो हुने सम्भावना बढी हुन्छ । वैदेशिक रोजगारमा हुनेहरुको आर्थिक स्थिति पनि कृषिमा आवद्ध हुनेको तुलनामा राम्रै हुने गर्छ जसले गर्दा उनीहरुका परिवारका सदस्य वा छोराछोरीले पनि उचित शिक्षा प्राप्त गर्ने सम्भावना बढी हुन्छ तर वैदेशिक रोजगारको लहरले गर्दा विद्यालयीय शिक्षा पनि पुरा नगर्दै विदेश जानेको संख्या बढ्न थालेको छ । जसले गर्दा साक्षर त हुन्छन् तर तहगत उपलब्धी कम छ । कृषिमा आवद्ध परिवार धेरै जसोमा आफ्नो परिवारलाई वर्ष भरी खान पुग्ने अन्न उत्पादन हुने जग्गा जमिन छैन, अर्काकोमा अधिया गर्नुपर्ने हुन्छ यस्तो स्थितीमा काम गर्दा धेरै जनशक्ति चाहिन्छ जसको कारण वालवालिका विद्यालयमा अनियमित हुने, उच्च शिक्षाको लागि आर्थिक हैसियत नहुने, स्वास्थ्य अवस्था राम्रो नहुने जस्ता समस्याहरु आउने गर्दछन् भन्ने जस्ता प्रतिक्रिया पाइयो । यसर्थ शिक्षामा प्रभाव पार्ने तत्व मध्ये पेशा एउटा महत्वपूर्ण तत्व हो ।

## ६.३ जग्गाको स्वामित्व

नेपाल कृषि प्रधान देश हो भनिन्छ । नेपालका ८३ प्रतिशत मानिसहरु कृषिमा निर्भर छन् तर प्राय ग्रामीण भेगमा खेती गर्ने तरिका परम्परागत नै भएको पाईन्छ जसबाट थोरै अन्न उत्पादन गर्नको लागि पनि धेरै समय लाग्ने गर्दछ । शिक्षालाई घरपरिवारको उत्पादकत्वले पनि फरक पार्दछ । जमिनको स्वामित्वले व्यक्तिको हैसियत निर्धारण गर्ने र हैसियत अनुसार नै शिक्षा प्राप्ती हुने हुनाले यहाँ भूमिको विश्लेषण गरिएको छ ।

## तालिका नं. १५

## जग्गाको स्वामित्वको विवरण

| विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनी देखी ५ रोपनी सम्म | २५ | ४३.८५ |
| ६ रोपनी देखी १० रोपनी सम्म | १६ | २८.०७ |
| ११ रोपनी देखी २० रोपनी सम्म | ११ | १९.२९ |
| २१ भन्दा माथि | ५ | ८.७७ |
| | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. १५ अनुसार सवैभन्दा बढी २५ (४३.८५%) घर परिवार संग १ देखि ५ रोपनी सम्म मात्रै जग्गा जमिन छ । १६ (२८.०७%) घरिवार सँग ६ देखि १० रोपनीको वीचमा जग्गा जमिन छ । त्यसैगरी ११-२० रोपनी हुनेमा ११ (१९.२९%) रहेको छ भने २१ रोपनी भन्दा बढी जग्गा हुनेमा मात्रै ५ घरपरिवार रहेको छ ।

यहाँका श्रम गर्न सक्ने दराई जनसख्याको ६४ प्रतिशत जनसंख्या कृषिमा निर्भर छन् । यद्यपी खेती गर्ने तौर तरिका पनि परम्परागत नै पाइयो जसको कारण धेरै मेहनत र जग्गा जमिनबाट पनि प्रशस्त खाद्यान्न उत्पादन हुँदैन । ग्रामिण क्षेत्रका कृषिमा निर्भर मानिसहरुको सामाजिक हैसियतमा जग्गा जमिनको महत्वपूर्ण स्थान रहेको पाईन्छ । प्रशस्त जग्गा जमिन हुनेलाई साँझ विहानको छाक टार्न मुस्किल हुँदैन जसको कारण आफ्ना वालवालिकाहरुलाई पढाइप्रति प्रोत्साहन गर्ने गरेको पाईयो । जुन परिवारमा जग्गा जमिनको कमी छ त्यस्ता अभिभावकहरुले अर्काको जग्गा कमाउनु पर्ने त्यसरी कमाउँदा खाद्यान्न कम आउने र ठूलो जनशक्तिको आवश्यक पर्ने अझै अपुग भएमा ऋण लिएर खाद्यान्न किन्नुपर्ने अथवा साहुकहाँ गई खेताला (खेतको काम गर्न) आउँछु अन्न दिनुहोस् भनी खाद्यान्नको जोहो गर्नुपर्ने जस्ता समस्याहरुले गर्दा आफ्ना वालवालिकालाई पढाइ प्रतिको निरन्तरता र प्रोत्साहन दिने मन हुँदा हुँदै पनि धेरै काम भएको बेला साहुको खेताला जानुपर्ने बेलामा, खेतीपातीको काम तथा घरायसी काममा लगाउनु पर्ने बाध्यता भएको बताउनु हुन्छ ४

कक्षा पढेर छाडेकी सानुमाया दराई । उहाँको परिवारमा २ रोपनी मात्रै जग्गा भएको वताउनु भयो । यस कारण परिवारमा भएको जग्गाले यस समुदायको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको छ ।

## ६.४ खान पुग्ने अवधि

मुलुकका ६० प्रतिशत किसानलाई आफ्नै उत्पादनले वर्षमा खान पुग्दैन । केन्द्रिय तथ्याङ्क विभागले २०७०/९/९ गते सार्वजनिक गरेको कृषि गणना अनुसार आफ्नै उत्पादनले १० देखी १२ महिना सम्म अपुग परिवार १५ प्रतिशत छन् । सात देखि नौ महिना अपुग हुने २३ प्रतिशत ४ महिना देखि ६ महिनासम्म अपुग हुने ४४ प्रतिशत र १ देखि ३ महिना सम्म अपुग हुने १८ प्रतिशत कृषक परिवार छन् । उन्नत प्रविधि अभाव र पर्याप्त जमिनको कमीले किसान परिवार अभावका कारण असन्तुलित आहारमा निर्भर छन् ।

'काम गऱ्यो वर्ष भरी, खान पुग्दैन पेटभरी' यो भनाई यहाँका किसानहरुलाई पनि लागु भएको पाइयो । यस किसिमको अभावले पढाईमा कुनै न कुनै किसिमले अवरोध पैदा गराई उचित शिक्षा आर्जन गर्ने सुअवसरबाट वन्चित गराउने वा कठिनाई पैदा गराउने गर्दछ । आफ्नो जग्गाको खेतीबाट तपाइको परिवारलाई कति महिना खान पुग्छ ? भनी तथ्याङ्क संकलन गरिएको थियो ।

**तालिका नं. १६**

**आफ्नो खेतीबाट कति महिना खान पुग्छ भन्ने आधारमा वर्गीकरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १-३ महिना | २५ | ४३.८३ |
| ४-६ महिना | १६ | २८.०७ |
| ७-१० महिना | ११ | १९.२९ |
| ११ महिना माथि | ५ | ८.७७ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

आफ्नो खेतीबाट कति महिना खान पुग्छ भन्ने आधारमा वर्गिकरण गरिएको तालिका अनुसार १ देखि ३ महिना खान पुग्ने ४३.८३ प्रतिशत, ४-६ महिना खान पुग्ने २८%, ७-१० महिना खान पुगने १९.२९% र ११ महिना भन्दा बढी समय खान पुग्ने परिवार प्रतिशत ८.७७ मात्रै रहेको पाइयो । यसबाट स्पष्ट हुन्छ की यस स्थानका दराई समुदाय गरिवीवाट थिचिएका छन् । जसको कारण उचित र आवश्यक शिक्षा आर्जनबाट वञ्चित रहेका छन् ।

## ६.५ वसोवासको अवस्था

यस स्थानमा वसोवास गरेका दराई जातिका घरहरु एकै ठाउँमा झुण्ड परेको छ । ति घरहरु कुनै माटो र वाँसले वनाई छ्वाली र खरले छाएको छ त्यस्तो घरलाई कच्ची (झुपडी) मा लिइएको छ । केही घरहरु ढुंगा वा ईटाको गारो लगाई टिनले छाएको २ तल्ला भएको छ यस्तोलाई अर्धपक्कीमा लिइएको छ भने ढुंगाको वा ईटको गारो लगाई सिमेन्ट लगाएको घरलाई पक्की घर भनी वर्गीकरण गरिएको छ ।

घरको अवस्थाले पनि शिक्षा प्राप्तीमा प्रभाव पारेको हुन्छ । न्युनतम सुविधा सम्पन्न जहाँ वालवालिकालाई पढ्ने तथा गृहकार्य गर्ने कोठा होस् त्यस्तो घर र घाम र पानीलाई छल्न मुस्किल पर्ने घरका बालबालिकामा केही न केही रुपमा मनोवैज्ञानिक असर परेको हुन्छ । आधारभूत सुविधा सम्पन्न घरका वालवालिकाको तुलनामा कच्ची तथा झुपडी घर भएका वालवालिकाहरुमा पढाई प्रति वितृष्णा जागेर आउने, आय आर्जनलाई पहिलो प्राथमिकतामा राखेर वीचमै पढाई छाड्ने फेल हुने जस्ता समस्याहरु आउन सक्दछन् । त्यसैले यहाँ घरको प्रकृतीलाई पनि शिक्षामा प्रभाव पर्ने तत्वको रुपमा लिइएको छ । जुन निम्न अनुसार छ ।

## तालिका नं. १७

## घरको प्रकृति

| घरको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| पक्की | १३ | २२.८० |
| अर्धपक्की | ८ | १४.०३ |
| झुपडी | ३६ | ६३.१५ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. १७ अनुसार २२.८० प्रतिशत घरहरु पक्की भएको पाइयो जसमा रेमिट्यान्सको मुख्य भूमिका पाईयो । ६३.१५ प्रतिशत घरहरु झुपडी छन् जसको कारण उच्च गरिवी हो । अर्न्तवार्ताको क्रममा जसको घर झुपडी छ उहाँहरुलाई तपाईका बालबालिकाको शिक्षामा तपाईको घरको अवस्थाले कस्तो प्रभाव पार्दछ ? भनी सोधिएको थियो ६१ वर्षीय वृष बहादुर दराईका अनुसार “घरको अवस्थाले वच्चावच्चीको पढाईमा फरक पार्दछ । घरमा केटाकेटीको किताबकापी पनि सुरक्षित राख्न सकिंदैन । हुरी बतासले उडाइदिन्छ । पानी पर्दा भिज्छ । पढ्ने लेख्ने छुट्टै कोठा हुदैन । हाम्रो समुदायमा पाहुना आउँदा जाँड रक्सीले सम्मान गर्ने चलन छ । सँगै आफूले पनि खाइन्छ । खाँदा गफ गरिन्छ, हल्ला खल्ला हुन्छ राम्रो सँग पढ्न पाउँदैनन् जसको कारण फेल हुन्छन् अनि स्कुल जान मन गर्दैनन् पढ्न छोडिदिन्छन्” उहाँ अझ थप्नु हुन्छ । गरीवीको कारणले छोरीहरुलाई पढाउन सकिएन जेठो छोरोले कक्षा ४ मा पढ्न छाडेर भारत गयो र अलि अलि पैसा कमाउन थालेपछि धन्सार (भैंसीको गोठमाथि सुत्न मिल्ने गरी वनाइएको) बनाईयो । कान्छो छोरो त्यही बसेर पढ्थ्यो । अहिले एस.एल.सी पास गरेर कतार गएको छ ।

### ६.६ परिवारको प्रकार

परिवार मानव समाजको प्राथमिक र महत्वपूर्ण संस्था हो । परिवारमा नै सम्पूर्ण मानव संरचना आधारित हुन्छ । परिवार सर्वव्यापी सामाजिक संस्था हो । संसारमा सवै समाजमा परिवारको स्वरुप पाउन सकिन्छ । परिवारलाई सदस्य संख्याका आधारमा

विभाजन गरिएको हुन्छ । आमा, बाबु र तिनीहरुको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ । आजको आधुनिक समाजमा यस्तो किसिमको परिवारमा वृद्धि भएको पाइन्छ । तीन वा तीन भन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन् भने यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ ।

परिवारको प्रकारले पनि शिक्षामा प्रभाव पार्दछ । संयुक्त परिवारमा बुढाबुढीहरु हुने हुनाले वच्चा हेर्ने हुर्काउने सबै जिम्मेवारी वुवाआमामा नजाने हुँदा धेरै सन्तान जन्माउने सम्भावना बढी रहन्छ । भने अर्कोतिर धेरै जनाको परिवारमा खाद्यान्न, लत्ताकपडामा नै बढी खर्च हुने हुँदा शैक्षिक लगानी कम हुने हुन्छ । सानो परिवारमा कम सन्तान जन्माउने सम्भावना हुन्छ । सानो परिवारमा शिक्षामा लगानी बढी हुने तथा घरमा अध्ययनको वातावरण सिर्जना हुने अभिभावकले सन्तानलाई शैक्षिक प्रोत्साहन दिने, शैक्षिक प्रगतिको लेखाजोखा गर्ने सम्भावना बढी रहन्छ जुन वृहत परिवारमा कम सम्भावना रहन्छ त्यसैले यहाँ परिवारको प्रकारलाई शिक्षामा प्रभाव पार्ने तत्वको रुपमा लिइएको छ ।

अध्ययन गरीएको घर परिवारमा परिवारको किसिमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**

**परिवारको प्रकार**

| **परिवारको किसिम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकात्मक | २० | ३५ |
| संयुक्त | ३१ | ५४.३८ |
| वृहत | ६ | १०.५२ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. १८ अनुसार सवैभन्दा बढी ३१ घर परिवार संयुक्त रहेको छ । एकात्मक परिवार २० अर्थात् ३५ प्रतिशत छ भने वृहत ६ परिवार अर्थात् १०.५२ प्रतिशत

रहेको छ । सबैभन्दा बढी संयुक्त परिवार ५४.३८ प्रतिशत रहेको पाइयो । ठूलो परिवार एक अर्कामा आश्रित हुने परम्परागत मूल्य मान्यतावाट माथि उठ्न नसकेको पाइयो ।

अर्न्तवार्ताको क्रममा परिवारको आकारले तपाई वा तपाईका वालवालिकाको शिक्षामा कस्तो प्रभाव पार्दछ होला ? भनी सोधिएको थियो । १७ जनाको परिवारको सदस्य २९ वर्षीय रिया दराई जो कक्षा सातमा पढाई छोडी विवाह गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ "बालबच्चाको राम्रो हेर विचार गर्न सकिंदैन । खानेकुरा, लुगाकपडामा र औषधी उपचारमा धेरै खर्च हुन्छ । पढाईमा खर्च गर्न सकिंदैन हुनेखानेले वाल वच्चालाई बोर्डिङ स्कुलमा राखेका छन् तर हामीले सकेका छैनौं । यति ठूलो परिवार छ घर झुपडी छ । वच्चालाई घरमा पढ्ने कोठा र वातावरण छैन जग्गाको खेतीले ३/४ महिना भन्दा खान पुग्दैन गरीवीको कारण हाम्रो समुदायमा छोराहरुलाई पढाई पुरा गर्नु भन्दा ठूलो जिम्मेवारी परिवार पाल्ने हुन्छ । जसको कारण पढ्न छोडी ज्याला मजदुरी गर्ने, विदेश जाने गर्दछन् ।"

यसर्थ परिवारको आकार पनि यस समुदायको शिक्षामा प्रभाव पार्ने तत्व मध्ये एक हो ।

## ६.७ विवाह

विवाह परिवारको शुरुवातको लागि स्थापित एक संस्था हो । विवाह पश्चात् आमा बाबु हुनाको लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । जुन घरका दम्पत्ती शिक्षित छन्, आवश्यक शैक्षिक योग्यता हासिल गरेका छन् । त्यस्तो स्थितिमा रोजगारीमा लागेका दम्पत्तीको आर्थिक स्थिति राम्रो भई आफ्नो पारिवारिक आवश्यकताहरुको आपूर्तिमा ठूलो सहयोग मिल्ने हुनाले विवाह गर्नु अगावै आफ्नो शैक्षिक योग्यता हासिल गरी रोजगारीमा लागेपछि मात्र विवाह गर्नु राम्रो मानिन्छ ।

यदि सानै उमेरमा विवाह भयो भने शिक्षा पुरा हुन पाउँदैन । जसको कारण आफ्ना आधारभूत आवश्यकताहरु पुरा गर्न नसक्ने, निर्णय लिने क्षमतामा कमजोर हुने, धेरै सन्तानको सम्भावना हुने हुन्छ । छिटो विवाह गर्नेमा पुरुषको तुलनामा महिला बढी भएको पाईन्छ । आमा शिक्षित भए परिवार शिक्षित हुन्छ भन्ने भनाई छ तर यदि शिक्षा पुरा नगरी

वुवा आमा बन्ने कारण सन्तानहरु पनि वीचमा पढाई छाड्ने र यो चक्र दोहोरिरहन सक्दछ । यसर्थ विवाहको उमेरले शिक्षालाई प्रत्यक्ष प्रभाव पार्दछ ।

### तालिका नं. १९

### विवाह गर्ने उमेरका आधारमा विवरण

| विवाहको उमेर | पुरुष संख्या | पुरुष प्रतिशत | महिला | प्रतिशत | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १५ वर्षभन्दा कम | ४ | ३.३३ | ८ | ६.८९ | १२ | ५.०८ |
| १६ देखी २० वर्ष | ६५ | ५४.१६ | ८५ | ७३.२७ | १५० | ६३.५५ |
| २१ देखी २५ वर्ष | ३२ | २६.६६ | १८ | १५.५१ | ५० | २१.१८ |
| २६ देखी ३० वर्ष | १५ | १२.५ | ४ | ३.४४ | १९ | ८.०५ |
| ३० भन्दा बढी | ४ | ३.३३ | १ | ०.८६ | ५ | २.११ |
| जम्मा | १२० | १०० | ११६ | १०० | २३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस दराई समुदायमा सवैभन्दा वढी १६ देखी २० वर्षमा विवाह गर्नेका संख्या बढी र त्यसमा पनि महिलाको संख्या ७३.२७ प्रतिशत छ । वर्तमानमा विवाह पछि पनि पढाइलाई निरन्तरता दिने चलन केही हद सम्म बढेको भएपनि यस समुदायमा विवाहपछि पढाइलाई निरन्तरता दिएको पाइएन । विवाहपछि पढाईलाई निरन्तरता नदिनुको कारणमा महिलाको सवालमा एकै चोटी विद्यार्थी, आमा, श्रीमती र वुहारीको भूमिका निर्वाह गर्न गाह्रो हुने हुनाले महिलालाई कृषि, घरायसी कार्य तथा वालवच्चा हेर्ने जिम्मा दिइएको प्रतिक्रिया पाइयो । पुरुषहरुले पारिवारिक र आर्थिक दवावका कारण चाँडै विवाह गरेको र विवाहपछि परिवारलाई पाल्नु पर्ने भएकोले पढाइलाई निरन्तरता दिन नसकेको प्रतिक्रिया पाइयो ।

## ६.८ **मातृभाषा**

हरेक मानिसले उपयुक्त समयमा उपयुक्त शिक्षा पाउनु उसको नैसर्गिक अधिकार हो । नेपाल वहुजातिय र वहुभाषिक देश भएकाले नेपालको अन्तरिम संविधान २०६३ ले प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए वमोजिममा आफ्नो मातृभाषामा आधारभूत

शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । पिछडिएको र आफ्नो छुट्टै भाषा भएको समुदायको शिक्षा प्राप्तिमा भाषाले पनि ठूलो प्रभाव पार्दछ । दराई जातिपनि आफ्नो छुट्टै भाषा भएका जाति हो । उनीहरु घरमा र एकआपसमा कुरा गर्दा दराई भाषा नै वोल्दछन् । तसर्थ यहाँ तपाइका बालबालिकाले मातृभाषामा पढ्न पाएका छन् ? कि छैनन् ? भनी सोधिएकोमा उत्तरदाताका अनुसार मातृभाषामा पढ्न पाउने सुविधा छैन । यदि भएको भए आफ्नो भाषामा पढ्न र वालवच्चालाई पढाउन पाउँदा आफ्नो जातिको पनि अस्तित्व भएको महसुस हुने र पढ्नको लागि उत्प्रेरणा मिल्ने थियो भन्ने जस्ता प्रतिक्रिया पाईयो । यद्यपी २०६७ को डेढगाउँ गा.वि.स.को भिलेज प्रोफाइल अनुसार अध्ययन क्षेत्रमा पुरुष १९२ जना र महिला १६२ जना गरी ३५४ जना दराई भाषा बोल्दछन् ।

## ६.९ घर देखि विद्यालय सम्मको दुरी

कुनैपनि मुलुकको भौगोलिक अवस्थितीले शिक्षालाई प्रत्यक्ष असर पारेको हुन्छ । विद्यालय प्रणालीको संरचना एवम् सामग्रीहरु विद्यार्थीहरु विद्यालय जाने तरिका साधनहरु र दुरी जस्ता कारणले पनि शिक्षामा प्रभाव पार्दछ । प्राथमिक विद्यालय वडा नं. २ मा बाहेक सवै वडाहरुमा १/१ वटा का दरले छन् तर माध्यमिक विद्यालय पुरै गा.वि.स. मा एउटा मात्रै भएकोले घर र विद्यालयसम्मको दुरीलाई शिक्षामा प्रभाव पार्ने तत्वको रुपमा लिइएको छ । ग्रामीण क्षेत्रमा वसोवास गर्ने अभिभावक आफ्ना वालवालिका विशेष गरी छोरीलाई टाढाको विद्यालय पठाउन चाहँदैनन् । तपाईको घरदेखि माध्यमिक विद्यालय सम्म पुग्न कति समय लाग्छ ? भनी सोधिएको थियो ।

**तालिका नं. २०**

**घर देखि माध्यमिक विद्यालय सम्मको दुरी**

| दुरी | संख्या | प्रतिशत |
|---|---|---|
| ३० मिनेट सम्ममा पुग्न सकिने | ६ | १०.५२ |
| ४५ मिनेट सम्ममा पुग्न सकिने | २८ | ४९.१२ |
| १ घण्टा सम्ममा पुग्न सकिने | २३ | ४०.३५ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस दराई समुदायमा प्राथमिक तहमा राम्रै विद्यार्थी भर्ना देखिएता पनि माध्यमिक तह सम्म आइपुग्दा धेरै घटेको छ । प्राथमिक विद्यालयहरु घरदेखि नजिकको दुरीमा रहेकोले छिटो पुगिने भोकै जाँदा हाफ टाइममा खाना खान घरमा आउन मिल्ने, कहिले कांही साना भाइवहिनीलाई पनि स्कुल सँगै लिएर जान मिल्ने भएकाले प्राथमिक तहमा उल्लेख्य मात्रामा सहभागिता भएको र गा.वि.स.मा भएको एउटा मात्रै माध्यमिक विद्यालयमा पुग्न कम्तीमा आधा घण्टा र बढीमा एक घण्टा सम्म समय लाग्ने हुनाले विहान घाँस दाउरा काट्ने, खेतीको काम गर्न जानु पर्ने जस्ता कारणले सँधै समयमा स्कुल पुग्न नसक्ने, धेरै अनियमित हुने जस्ता कारणले गर्दा पढाईमा अन्य जातिका वालवालिकाहरु सँग competition गर्न नसक्ने, फेल हुने जस्ता समस्याहरु आउनाले पढाई प्रति नैराश्यता बढ्ने र विद्यालय छोड्ने गरेको प्रतिक्रिया पाइयो ।

### ६.१० आयमूलक कार्यमा सहयोग

नेपालका अधिकांश परिवारहरु गरीबीको रेखामुनी छन् । तिनीहरुलाई परिवारको भार धान्न अभिभावकहरुलाई मात्र मुश्किल पर्ने हुँदा वालवालिकाहरुले पनि ज्याला मजदुरीको कार्यमा आफ्नो परिवारलाई सहयोग गरुन् भन्ने चाहन्छन् । यो अध्ययनले मुख्य रुपमा दराई समुदायको शैक्षिक स्थिती र प्रभाव पार्ने तत्वहरुका वारेमा अध्ययन गर्ने भएकोले वालवालिकाको आयमूलक कार्यमा सहभागितामा के तपाईको परिवारमा वालवालिकालाई आम्दानी हुने कार्यमा लगाउनु हुन्छ ? भन्ने प्रश्न राखी तथ्याङ्क संकलन गरिएकोमा निम्न प्रतिक्रिया पाइयो ।

**तालिका नं. २१**

**आयमुलक कार्यमा बालबालिकाको आवश्यकता**

| आयमूलक कार्यमा बालकालिकाको आवश्यकता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ४० | ७०.१७ |
| छैन | १७ | २९.८२ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७०

माथिको तालिका नं. २१ अनुसार आयमुलक कार्यमा वालवालिकाको पनि आवश्यकता छ भन्नेमा ४० जना उत्तरदाता अर्थात्, ७०.१७ प्रतिशत पाइयो भने आवश्यक छैन भन्नेमा १७ जना अर्थात् २९.८२ प्रतिशत रहेको पाईयो ।

आयमुलक कार्यमा बालबालिकाको आवश्यकता छ भन्ने उत्तरदाताहरुका अनुसार गाउँमा सँधै पैसा कमाई हुने काम पाइदैन । यस्ता कामहरु सिजन विशेषका कहिलेकांही मात्र पाइने गर्दछ । परिवारको लागि लुगा कपडा, औषधी उपचार, नुनतेल वा खाद्यान्न वच्चाको कापी कलम चाडपर्व जस्ता आवश्यकताहरुको लागि पैसाको जरुरत सँधै पर्ने हुनाले आम्दानी हुने काम पाइएको वेलामा काम गर्न सक्ने बालबालिकाहरुलाई काममा लगाउनुपर्ने वाध्यता रहेको भन्ने जस्ता प्रतिक्रिया वपाइयो भने आवश्यकता छेन भन्ने उत्तरदाताहरुका अनुसार सकेसम्म बालबालिकाहरुले पढुन् भन्ने चाहने गरेको र पढाई भएको बेला अथवा विद्यालय नै छुटाएर चाँही आम्दानी हुने काम नै भए पनि नलगाउने गरेको भन्ने प्रतिक्रिया पाइयो । यसो हुनुको पछाडी आर्थिक हैसियत रहेको पाईयो ।

## ६.११ घरायसी कार्यमा सहयोग

हाम्रो जस्तो अति कम विकसीत मुलुकमा महिलाहरुले पुरुषको तुलनामा वढी समय कार्य गर्नु पर्ने हुन्छ । त्यसैले पनि आमाहरुले आफ्ना वालवच्चाहरुको हेरचाह गर्न र घरायसी काम गर्न विद्यालय उमेरका आफ्ना वालवालिका विशेष गरी छोरीलाई लगाउने गर्दछन् । त्यसैले विद्यालय उमेरका वालवालिकाहरुले घरायसी कार्यमा सघाउने अवस्थाको अध्ययन गर्नु महत्वपूर्ण मानिन्छ । यस अध्ययनको स्थलगत सर्वेक्षणको क्रममा सहभागीहरुलाई “के तपाईको परिवारमा घरायसी कार्यमा वालवालिकाहरुको सहयोग आवश्यक छ” भन्ने प्रश्न सोधिएकोमा तलको तालिका वमोजिमको प्रतिक्रिया पाइयो ।

**तालिका नं. २२**

**घरायसी कार्यमा बालबालिकाको आवश्यकता**

| **घरायसी कार्यमा वालवालिकाको आवश्यकता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| छ | ४७ | ८२.४५ |
| छैन | १० | १७.५४ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण, २०७०

घरायसी कार्यमा बालबालिकाको आवश्यकता छ भन्ने ८२.४५ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो उहाँहरुका अनुसार आफु अर्म पर्म, मेला पात जानु पर्दा घरमा खाना बनाउने, घाँस पानी ल्याउने, भाइवहिनी हेर्ने, वस्तुभाउलाई कुडोपानी खुवाउने जस्ता कार्यहरुका लागि बालबालिकाको सहयोग आवश्यक हुने गरेको प्रतिक्रिया पाईयो । प्राथमिक तहका केही बालबालिकाहरुले त आफूभन्दा साना भाइबहिनीहरुलाई पनि सँगै विद्यालय नै लिएर जाने गरेको पनि पाइयो ।

घरायसी कार्यमा बालबालिकाको आवश्यकता छैन भन्ने उत्तरदाता १७.५४ प्रतिशतले आफ्ना बालबालिकाहरुलाई विद्यालय छुट्ने गरी गृहकार्य गर्न नभ्याउने गरी चांही घरायसी कार्यमा पनि नलगाउने गरेको पाईयो तर विद्यालय विदाको वेलामा र पढाइलाई हानी नहुने गरी भने घरायसी कार्यमा सहयोग गराउने गरेको भन्ने जस्ता प्रतिक्रियाहरु पाइयो ।

## ६.१२ शैक्षिक सुविधाहरु

शैक्षिक सुविधा विशेष गरी महिलाको हैसियतसँग सम्बन्धित छ किन भने सामाजिक, सांस्कृतिक मुल्य मान्यता र परम्पराका आधारमा पुरुषको तुलनामा महिला पछाडी छन् । त्यसैले अभिभावकको प्रवृत्ति र प्रयोगको जानकारी लिनको लागी निम्न प्रश्न सोधिएको थियो ।

१. के तपाईको विचारमा छोरा छोरी दुवैलाई समान शैक्षिक अवसार दिनु आवश्यक छ ?

२. तपाईका छोराछोरी दुवैलाई समान विद्यालय सुविधा दिनु भएको छ ?

**तालिका नं. २३**

**छोराछोरी दुवैलाई समान अवसर र सुविधा**

| | शिक्षामा समान अवसर | | शिक्षामा समान सुविधा | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| छ | ४९ | ८५.९६ | ४९ | ८५.९६ |
| छैन | ८ | १४.०३ | ८ | १४.०३ |
| जम्मा | ५७ | १०० | ५७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका नं. २३ अनुसार पहिलो प्रश्नमा प्रतिक्रिया जनाउने सहभागीहरु मध्ये ८५.९६% ले समान अवसर दिनुपर्छ भनेका छन् तर १४.०३% ले भने महिलाहरु विवाहपछि घरायसी काममा नै व्यस्त हुन्छन् । शिक्षाको प्रयोग गर्दैनन् । त्यसैले छोरीलाई भन्दा बढी छोरालाई शिक्षा दिनु पर्छ भन्ने धारणा व्यक्त गरेको पाईयो । यस्तो विचार व्यक्त गर्नेहरुमा निरक्षर अभिभावकहरु पाइयो ।

छोराछोरी दुवैलाई समान शैक्षिक सुविधा दिने अर्को प्रश्नमा ८५.९६% दिनु पर्छ र विद्यालय सम्मको शिक्षामा दिइदै आएको बताए भने १४.०३% ले वरावर सुविधा दिनु आवश्यक छैन भनी छोराको पक्षमा मात्र आफ्नो धारणा राखेको पाईयो । यस्तो गर्नुको मुख्य कारणमा गरीवीलाई लिएको पाइयो ।

### ६.१३ शैक्षिक सहयोग

गरिवीले थिचेको समुदायमा शैक्षिक सहयोग हुनु महत्वपूर्ण कुरा हो । राष्ट्रिय एवं अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले शिक्षा मुलक क्षेत्रहरुको विकासमा शैक्षिक तालिम अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन, गरिव, पिछडिएका वर्ग जात समूहहरुलाई लक्षित गरी जनचेतनामूलक कार्यक्रम तथा स्टेशनरी, ड्रेस लगायतका शैक्षिक सहयोग गर्दै आइरहेका छन् । गरिव र पिछडिएको वर्गमा शैक्षिक सहयोगले पनि शिक्षा प्राप्तीमा सहयोग

गर्दछ । त्यसकारण कुनै संघसंस्थाले तपाईको बालबालिकालाई शैक्षिक सहयोग गरेका छन् भनी सोधिएकोमा जिल्ला शिक्षा कार्यालयले प्राथमिक तहका छोरा छोरी दुवैलाई वार्षिक रु ४०० का दरले दिने छात्रवृत्ति र किताव पाइरहेको साथै ६-१० सम्मका छात्राहरुले पनि वार्षिक रु. ४०० को दरले दिने छात्रवृत्ति बाहेक अन्य कुनै संघसंस्थाबाट सहयोग नभएको प्रतिक्रिया पाईयो । यसै क्रममा स्थानीय सिद्धि दराईका अनुसार "कुनै संघ संस्थाले दराई समुदायका वालवालिकालाई खाजा, कपडा, स्टेशनरी अथवा शैक्षिक चेतनामूलक कार्यक्रम मात्रै गरिदिने हो भने पनि दराई अभिभावकलाई सचेत पार्न र पढ्दै गरेका बालबालिकालाई पढाई प्रति उत्प्रेरणा जगाउन सहयोग मिल्ने थियो ।" यसकारण शिक्षामा प्रभाव पार्ने तत्व मध्ये शैक्षिक सहयोग पनि एक हो ।

### ६.१४ चेतना

नेपालको सन्दर्भमा जनजाति, दलित, पिछडिएका वर्गको पहुँच शिक्षामा पुग्न नसक्नुको एउटा प्रमुख कारण सचेतनाको कमी हो । शिक्षाको उपयोगिता देख्न नसक्नु, कृषि र घरायसी कार्यमा शिक्षाको उपयोगिता नदेख्नु, कृषि र घरायसी कार्यमा शिक्षाको आवश्यकता छैन भन्ने मानसिकता हावी हुन र शिक्षा हुनेखाने वर्गको विलासिताको वस्तु हो भन्ने जस्ता मान्यता भएकोले शिक्षा प्राप्तीमा मानवमा भएको चेतनालाई शिक्षामा प्रभाव पार्ने तत्वको रुपमा लिइएको छ । राज्यद्वारा समेटिन नसकेका क्षेत्रहरुमा शिक्षा र जनचेतनामुलक कार्यक्रमहरु विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले गर्दै आएका छन् । जसमा पिछडिएका वर्ग समूह, गरिव, जाति, जनजातिहरु विशेष प्राथमिकतामा पर्दछन् । त्यसैले यस अध्ययनमा तपाईले कुनै अभिमुखीकरण तालिममा सहभागी हुने मौका पाउनु भएको छ भनी प्रश्न सोधिएकोमा निम्न प्रतिर्क्रिया पाईयो ।

### तालिका नं. २४

### चेतनामुलक कार्यक्रम

| अभिमुखीकरण तालिममा सहभागी | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ११ | १९.२९ |
| छैन | ४६ | ८०.७० |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका नं. २४ अनुसार १९.२९ प्रतिशतले Action Aid Nepal ले दिएको, समूह खडा गरी वचत कोष खडा गर्ने, तालिम, प्रौढशिक्षा पढाउनको लागि, साक्षरोत्तर अभियानको तालिम जस्ता तालिममा सहभागी भएको प्रतिक्रिया पाइयो । जसले गर्दा आफ्नो नाम लेख्न सक्ने र सामान्य अक्षर पढ्न सक्नेको संख्या बढेको पाइयो ।

### ६.१५ मध्यपानको प्रयोग

अल्कोहल जन्य पदार्थहरुको सेवन प्राय गरी जनजातिहरु तथा दलितहरुमा बढी प्रयोग भएको पाईन्छ । मानिसहरु विभिन्न वाहनामा जस्तै माथि भाईको संगत, सांस्कृतिक रितिरिवाज परम्परा र मनोरञ्जनका लागि प्रयोग गर्दछन् । यस अध्ययन क्षेत्रका दराई समुदायमा विभिन्न सांस्कृतिक पर्वहरुमा र दैनिक खानामा पनि अलकोहल जन्य पदार्थको सेवन गर्ने गरेको पाइयो । जसले शिक्षा प्राप्तिमा प्रत्यक्ष रुपमा नकारात्मक असर पारेको हुन्छ । तपाईको परिवारमा दैनिक रुपमै अल्कोहलको सेवन  गर्नुहुन्छ ? भनि सोधिएकोमा निम्न प्रतिक्रिया पाईयो ।

तालिका नं. २५

मध्यपानको प्रयोग

| मध्यपानको प्रयोग | संख्या | प्रतिशत |
|---|---|---|
| गर्दछौं | ५० | ८७.७१ |
| गर्दैनौं | – | – |
| कहिलेकाही मात्र | ७ | १२.२८ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

प्रस्तुत तालिका नं. २५ अनुसार ८७.७१ प्रतिशतले विहानको खाजा खाना सँग पनि र दिउँसो साँझ पनि अथवा अर्मपर्ममा जाँदापनि खाजाको रुपमा अलकोहलजन्य पदार्थ (जाँड) को प्रयोग गर्ने गरेको प्रतिक्रिया पाईयो । अभिभावकको वानी वालवालिकाले पनि स्वत सिक्ने गर्दछन् । पहिले देखि नै चलिआएको चलन हो पाहुना र पूजाआजामा जरुरी हुन्छ भन्ने प्रतिक्रिया पाईयो । जसको कारणबाट वालवालिकालाई घरमा लेखपढ गर्ने वातावरण अनुकुल हुँदैन र अभिभावकले चासो पनि दिदैनन् भन्ने कुरा स्पष्ट हुन्छ ।

## ६.१६ सूचना र संचार

कुनै व्यक्ति वस्तु वा विषयसँग सम्वन्धित जानकारी, तथ्य वा विवरण विचार आदि सूचना हो । हरेक कार्यका लागि सूचना महत्वपूर्ण हुन्छ । सूचना र संचारले विश्वमा भए गरेका कुरा क्षण भरमै संसार भर फैलिन्छन् । संचारले शिक्षामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विभिन्न चेतनामुलक कार्यक्रमहरु नयाँ नयाँ प्रविधिहरुका वारेमा पनि रेडियो, टेलिभिजन र पत्रपत्रिका जस्ता संचारका माध्यमबाट प्रसारण भईरहेको हुन्छ । सूचना र संचारले शिक्षामा सकारात्मक प्रभाव पार्दछ भनी यस अध्ययनमा तपाई फूर्सदको समय कसरी विताउनु ? हुन्छ भनी सोधिएको थियो ।

## तालिका नं. २६

## फुर्सदको समय व्यतित गर्ने सम्वन्धि विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गफ गरेर | ३४ | ५९.६४ |
| रेडियो सुनेर | १० | १७.५४ |
| पत्रपत्रिका पढेर | ५ | ८.७७ |
| अन्य | ८ | १४.०३ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

धेरै जना अथवा ५९.६४ प्रतिशतले फुर्सदको समय साथीभाई सँग गफ गरेर विताउने प्रतिक्रिया पाईयो । जसमा धेरै उमेरका उत्तरदाताहरु हुनुहुन्थ्यो । अन्यमा युवा पुस्ताका उत्तर दाताहरु जो मोवाइलमा फेसवुक चलाउने, फिल्म, भिडियोहरु हेरेर समय विताउछु भन्ने प्रतिक्रिया पाईयो । ग्रामीण भेग जहाँ विद्युतीय सुविधा नभएकोले टि.भी. कम्प्युटर जस्ता साधनको उपलब्धता नभएको र रेडियो सुन्ने वानी धेरैमा नभएकोले शिक्षा सम्बन्धी चेतनामूलक कार्यक्रम र अन्य कार्यक्रम प्रति पनि केही (१७.५४%) लाई वाहेक जानकारी अन्यलाई नहुने पाईयो । जसवाट पनि शिक्षामा प्रभाव पार्दछ ।

### ६.१७ दराई समुदायको समूह छलफलबाट दराई जातिको शैक्षिक अवस्था र शिक्षामा प्रभाव पार्ने तत्वहरुका वारेमा पत्ता लागेका कुराहरु

१. दराई समुदायमा साक्षरको संख्या बढेको छ ।

२. अभिभावकहरुमा शैक्षिक चेतना वढ्न थालेको छ ।

३. छोराछोरी दुवैलाई समान अवसर दिन थालिएको छ ।

४. दराईहरुसँग केही वर्ष अगाडी सम्म धेरै जग्गा जमिन थियो तर अहिले जग्गा कम छ आफ्नो जग्गाबाट वर्ष भरी खान पुग्ने अन्न पनि उत्पादन हुँदैन त्यसैले पहिलो प्राथमिकता जीवीकोपार्जनलाई दिनुपर्छ । त्यसैले पढाइलाई निरन्तरता दिन सकेका छैनन् ।

५. उच्च शिक्षाको लागि अभिभावक सँग पैसा हुँदैन ।

६. अभिभावकको सल्लाह विना नै र स्कुलको शिक्षा पनि पुरा नहुँदै केटाकेटीहरु भागेर विवाह गर्दछन् र पढाई विचमा छोड्छन् । यसमा हाम्रो समुदायको संस्कृतिले पनि केही हद सम्म प्रभाव पारेको छ ।

७. कक्षामा फेल भएपछि पढ्न मान्दैनन् ।

८. नयाँ पिंढीमा देखासिकी गर्ने चलन बढेको छ । गरीवीले पिल्सिएका वच्चाहरु (प्राय छोरा) पढ्नु भन्दा विदेश गएर पैसा कमाउने भन्ने तिर सोच्छन् र विदेश जान हतारिन्छन् । यसो हुनुमा परिवारमा लागेको ऋण र गरीवी प्रमुख कारण हो ।

९. पढाईप्रति चाहना कम हुनु ।

# अध्याय सात

# सारशं, प्राप्ति तथा निष्कर्षहरु

## ७.१ सारशं

मानवका विभिन्न आधारभुत आवश्यकता मध्ये शिक्षा पनि एक हो । शिक्षाले मानिसका अन्य आधारभूत आवश्यकता जस्तै खाना, वास, लुगा कपडा स्वास्थ्य जस्ता आवश्यकता पूरा गर्न समेत सहयोग पुऱ्याउँछ । त्यसैले शिक्षालाई मानव अधिकारको अभिन्न अङ्ग मानिन्छ । सन् १९४८ मा पारित संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार सम्बन्धी भोषणा पत्रले शिक्षा आधारभूत मानव अधिकार भित्र पर्ने कुरा स्पष्ट पारेको हो । यस पछि सवै राष्ट्रले शिक्षालाई विशेष रुपमा जोड दिँदै आए । शिक्षाको गहन भूमिकाको महत्वलाई दृष्टिगत गरी सन् १९९९ मा आएको “सबैका लागि शिक्षा” अभियानलाई नेपालले वि.सं. २०४९ सालदेखि नै आधारभूत तथा प्राथमिक शिक्षा परियोजना मार्फत कार्यान्वयन गर्दै आइरहेको छ । लिंग, उमेर, जातजाति, सुविधा विहिन, विशेष आवश्यकता समूह र अपाङ्ग लगायतका सवै नागरिकहरुलाई समान अवसरमा औपचारिक तथा अनौपचारिक शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु नै सवैका लागि शिक्षा कार्यक्रमको लक्ष्य हो । नेपालको भाषिक तथा जातिय यर्थाथतालाई ध्यानमा राखी देशभित्रका जनजातिय र भाषिक अल्पसंख्यक जनताले आ-आफ्नो मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने लक्ष्य पनि नेपालको सन्दर्भमा थपेको छ । सवैका लागि शिक्षा डकार घोषणा पत्र कार्यढाँचा अनुसारको नेपाल कार्ययोजना सन् २००१-२०१५ का आधारमा सवैका लागि शिक्षा कार्याक्रम सञ्चालनमा छ । तर पनि अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन ।

हाल नेपालमा १२५ जात जातिहरुको वासस्थान रहेको छ । जहाँ विभिन्न आदिवासी सुचिकृत छन् । जसमा दराई पनि एक हो । दराई जाति नेपालका पूराना जनजातिहरु मध्ये एक हो । जसको शैक्षिक अवस्थाका वारेमा अध्ययन केन्द्रित गरिएको छ ।

यो अध्ययन नवलपरासी जिल्लाको डेढगाउँ गा.वि.स.का दराई जातिको शिक्षामा पहुँच शीर्षकमा केन्द्रित रही दराई जातिको शैक्षिक अवस्था, औपचारिक तथा अनौपचारिक

शिक्षामा पहुँच र यस समुदायमा शिक्षा प्राप्तीमा प्रभाव पार्ने तत्वहरुको वारेमा अध्ययन गरिएको हो ।

अध्ययनको उद्देश्य

१. दराई जातिको शैक्षिक स्थिति पत्ता लगाउने ।
२. दराई जातिको शिक्षाको पहुँचमा प्रभाव पार्ने तत्वहरु ।

यी माथिका उद्देश्यमा केन्द्रित रहेर गरिएको यस अध्ययन डेढगाउँ गा.वि.स.का सवै दराई घरधुरी जम्मा ५७ मा सवै घरमा स्वयम् अनुसन्धानकर्ता गई जनगणना विधस्वाट अध्ययन गरिएको हो । यस अध्ययनले सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति तथा संघसंस्थाहरु लाई सहयोग गर्न सक्नेछ ।

आदिवासी तथा जनजाति समुदायले आफू मूल धारवाट अलग भएको महसुस गर्नुका साथसाथै राज्यले विकासको प्रयासभन्दा पर रहेको अनुभव साथै स्वाभिमान, साझेदारीको रुपमा सहभागी हुन पाएका हुँदैनन् । मुलुकको समानुपातिक एवम् सन्तुलित विकासमा अन्य जातिले जस्तै योगदान गरेको अनुभव गर्न सकेका छैनन् ।

खासगरी तनहुँ, चितवन र नवलपरासी जिल्लामा विशेष वसोवास रहेका दराईहरु माछा मार्ने, कालीगण्डकीको किनारमा सुन खोज्ने कार्य हराउँदै गएको र कृषि पेशाका साथै आयआर्जनमूलक कार्यहरुमा पनि लाग्न थालेका छन् । देशैभरिमा १६७८९ जनसंख्या रहेको दराई जातिको यस डेढगाउँ गा.वि.स. मा पुरुष १९५ र महिला १९७ गरी ३९२ जना रहेको छ ।

तथ्याङ्क संकलनको क्रममा प्राथमिक र द्बितिय स्रोतहरुबाट तथ्याङ्कहरु संकलन गरिएको थियो । प्राथमिक तथ्याङ्क घर घरमा गएर प्रश्नोत्तर, छलफल, अवलोकन, अर्न्तवार्ता आदिवाट संकलन गरिएको थियो ।

सम्वन्धित साहित्यको अध्ययन, पुस्तकालय अध्ययन, पुस्तक अनुसन्धान प्रतिवेदन, भिलेज प्रोफाइल, विद्यालय, जिल्ला शिक्षा कार्यालय सम्वन्धित पत्र पत्रिका, लेख रचना, केन्द्रिय तथ्याङ्क विभाग आदि स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको थियो । त्यस्तै

जनप्रतिनिधि समाज सेवी, शिक्षक, जि.शि.अ. आदिसँग छलफल विचार विमर्श गरी सूचनाहरु संकलन गरिएको हो । यसरी संकलन गरिएको तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकाहरु बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

सुगम भनेर चिनिने जिल्ला नवलपरासी यस डेढगाउँ गा.वि.स. दुर्गम क्षेत्रमा पर्दछ । जहाँ विजुली र वाटो समेत पुग्न सकेको छैन । यस गा.वि.स.मा क्षेत्री, व्राम्हण, नेवार, मगर, दराई र दलित जस्ता जातजातिहरुको वसोवास छ । २०६८ को जनगणना अनुसार ७५० घरधुरी भएको यस गा.वि.स. मा ३२८६ कुल जनसंख्या रहेको छ ।

यस गा.वि.स. मा ६ वटा प्रा.वि., १ नि.मा.वि. र १ उच्च मा.वि. गरी सामुदायिक तर्फ ८ वटा विद्यालयहरु सञ्चालनमा छन् भने निजीतर्फ २ प्रा.वि. छन् । यद्यपी अझै पनि यहाँ २०६८ को जनगणना अनुसार ४३५ जना निरक्षर छन् ।

अध्ययन गरिएको दराई जातिको वसोवास यस डेढगाउँ गा.वि.स.का वडाहरु वडा नं. ४, ६ र ७ गरी ३ वटा वडाहरुमा रहेको छ । यहाँ जम्मा ३९२ जना जनसंख्या भएकोमा ५०.२६ प्रतिशत महिला छन् भने ४९.७४% पुरुष छन् । उमेरको आधारमा हेर्दा सबै भन्दा बढी जनसंख्या १५-४५ वर्ष उमेर समूहको ५१ प्रतिशत छ भने ६१ वर्ष माथिको संख्या ४.०९ प्रतिशत पाइयो ।

५ वर्ष माथिका जनसंख्याको शैक्षिक अवस्थालाई हेर्दा महिलाको तुलनामा पुरुष बढी साक्षर देखियो । तह बढ्दै जाँदा सहभागिता घट्दै गएको पाइयो फलस्वरुप प्राथमिक तह पास गरको संख्या ११.२६% भएकोमा एस.एल.सी. पास गर्ने ५.६३ प्रतिशत मात्रै छ । त्यसमा पनि महिलाको संख्या २.३१% छ । प्रविणता प्रमाण पत्र तह पास गर्ने २.५३% पाइयो भने त्यसभन्दा माथिल्लो तहमा स्नातक पढ्दै गरेका १ जना पुरुष मात्रै पाइयो । १५.७७% निरक्षर छन् ।

चरम गरिवीले थिचिएकाले यस समुदायको वालवालिका विद्यालयीय शिक्षा पनि पूरा नगरी आय आर्जनको लागि छिमेकी मुलुक भारत लगायत मलेसिया, साउदी अरव, कतार दुवई जस्ता मुलुकहरुमा गएको पाईयो जुन ३०% छ ।

आजको आधुनिक युगमा पनि १०.५३% परिवार वृहत छ भने संयुक्त ५४.५२ र एकल परिवार ३५% छ । यसबाट थाहा हुन्छ की बालबालिकाले उचित स्याहार र उचित शिक्षाको वातावरण पाइरहेका छैनन् । आफ्नो खेतीवाट १-३ महिन सम्म मात्रै खान पुग्छ भन्नेको संख्या ४३.८३ छ भने वर्ष दिन सम्मै हुन्छ भन्नेको संख्या ८.७७% रहेको छ । यद्यपी यिनीहरुले आफ्नो धेरै अन्न जाँड वनाउनमा खर्च गर्ने गरेको पाइयो ।

शिक्षामा प्रभाव पार्ने तत्वहरु मध्ये विवाहको उमेर पनि एक हो । सानो उमेरमा विवाह गर्दा चाँडै वच्च जन्मन्छ र बाबु आमा पनि परिपक्व भएका हुँदैनन् । अनि आर्थिक अवस्था कमजोर हुन्छ । यस समुदायमा सवै भन्दा बढी १६-२० वर्ष उमेरमा विवाह गरेका ६३.५५% रहेका छन् । त्यसपछि क्रमश २१-२५ वर्षमा २१.१८%, २६-३० वर्षमा र ८.०५% र १५ वर्षभन्दा कम उमेरमा ५.०८% रहेको पाइयो ।

यस समुदायमा अझै पनि छोरी विहे गरेर अर्काको घरमा जान्छे । घरायसी काममै व्यस्त हुन्छन् शिक्षाको उपयोग हुँदैन भन्ने जस्तो धारणा रहेको पाइयो । गरीवीको कारणले गर्दा बालबालिकाले विद्यालय बीचमै छाड्ने गरेको धारणा पाइयो ।

यस समुदायका कति पय बालबालिकाहरु विद्यालय सँधै नआउने, कहिले झोकै आउने चाँडै घर फर्कने, कसैले आफूभन्दा साना भाइवहिनीलाई पनि साथमै बाकेर आउने, गृहकार्य गरेर नआउने गर्दछन् जसको मुख्य कारणमा अभिभावकमा भएको चेतनाको कमी, घरमा पढ्ने लेख्ने वातावरण नहुनु र गरीवी हो भन्ने धारणा स्थानीय शिक्षकहरुमा पाइयो ।

स्थानीय निजी प्राथमिक विद्यालयमा १९ जना बालबालिकाको सहभागीता रहेको छ । ३-५ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी खोलिएको बालविकास केन्द्रमा अति न्यून बालक ३ बालिका ३ गरी जम्मा ६ जना भर्ना भएका छन् ।

विद्युतको सुविधा नभएको यस क्षेत्रमा सुचना तथा सञ्चारको माध्यम प्रशस्त नभएको र रेडियो सुन्ने बानि पनि १७.५४ प्रतिशत लाई मात्र भएको यस समुदायको वालवालिकालाई जिल्ला शिक्षा कार्यालयले दिने छात्रवृत्ति बाहेक अन्य कुनै पनि शैक्षिक सहयोग कतैबाट पनि नभएको पाइयो ।

## ७.२ प्राप्ति

- पुरुषको तुलनामा महिला जनसंख्या बढी भएको भएता पनि बढी महिला निरक्षर पाइयो र माध्यमिक शिक्षा पूरा गर्नेमा पनि महिलाको संख्या न्यून ४ जना (२.३१) मात्र भएको पाइयो ।
- अत्यन्त गरिवीको कारण पढाई वीचमै छोडी आयआर्जनको लागि भारत लगायत खाडी मुलुकहरुमा जानेको संख्या बढी पाइयो । यो कुल जनसंख्याको १८.६२% छ ।
- ५४.३८ प्रतिशत परिवार संयुक्त र १०.५२ प्रतिशत बृहत भएको र झुपडी घरहरु कारण त्यस्ता परिवारमा पढ्न लेख्न बालबालिकालाई सानो ठाउँ समेत उपलब्ध छैन ।
- बालबालिकालाई विद्यालय भर्ना गरे पनि विद्यालयीय शिक्षा पुरा गर्ने कुल जनसंख्यामा ५.१० प्रतिशत मात्र पाईयो । जुन हाल नेपालमा १०.२ प्रतिशत छ ।
- विश्वव्यापी रुपमा आज उच्च शिक्षाको माग बढ्दो छ । विश्व विद्यालयमा भीड बढ्दो छ । यसले के प्रष्ट पार्दछ भने उच्च शिक्षाका प्राप्तिले मानिसलाई उच्च मानसम्मान र उच्च हैसियत प्राप्त गराउँछ तर यस समुदायमा १०+२ पूरा गरेका पुरुष ५ वर्ष माथिका जम्मा पुरुष ८ जना (४.३९) र महिला (जम्मा महिलामा) २ जना (१.१५) मात्र छन् भने त्यस भन्दा माथिल्लो लेभल पूरा गर्ने १ जना पनि छैनन् त्यसकारण उच्च शिक्षा पूरा गर्ने एकदमै कम पाइयो ।
- अभिभावकहरुमा चेतनाको अभावका कारण बालबालिकालाई शैक्षिक प्रोत्साहन दिन सकिरहेका छैनन् । घरमा अत्याधिक मद्यपानको प्रयोग हुने हुनाले घरमा लेखपढ गर्ने वातावरण निर्माण हुन सकेको छैन र बालबालिकालाई घरायसी काममा बढी लगाई उनीहरुको शैक्षिक प्रगतिप्रति अभिभावकको चासो कम रहेको पाईयो ।
- देशको जिम्मेवार निकायहरुमा दराई समुदायबाट निर्णायक तहमा पुगेका छैनन् तसर्थ यस समुदायको हक अधिकार पाउनु गाह्रो कुरा हो ।
- २० वर्ष भन्दा कम उमेरमा विवाह गरेका ६३.५ प्रतिशत र १५ वर्ष भन्दा कम उमेरमा विवाह गरेका ५.०८ प्रतिशत जनसंख्या पाइयो जसले गर्दा स्वयम्को शिक्षा र वाल वच्चाको शिक्षा प्रति उचित निर्णय लिन नसकेको पाईयो ।

- आयमुलक कार्यमा र घरायसी कार्यमा बालबालिकाको आवश्यकता छ भन्नेको संख्या २९.८२% र छैन भन्ने १७.५४% छ तसर्थ सबै बालबालिकाले निरन्तर विद्यालय जाने र घरमा लेखपढ गर्ने वातावरण पाएका छैनन् ।
- ३-५ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी खोलिएका बालविकास केन्द्रमा ३ जना बालक ३ जना बालिका गरी जम्मा ६ जना मात्रै भर्ना भएको पाइयो जसको कारण अभिभावकमा भएको अनभिज्ञता र वेवास्ता हो । यो संख्या ३-५ वर्ष उमेर समूहका जम्मा जनसंख्याको ३७.५ प्रतिशत हो ।
- छोराछोरी दुवैलाई समान अवसर र सुविधाको आवश्यकता छैन भन्नेको संख्या १४.०३ प्रतिशत पाईयो । यसकारण सवै बालिकाले बालक सरह विद्यालय जाने अवसर र वरावरको सुविधा पाएका छैनन् ।
- यस समुदायका परिवारमा एकअर्कासँग कुरा गर्दा दराई भाषा प्रयोग गर्ने गरेको पाइयो तर विद्यालयमा मातृभाषामा अध्ययन अध्यापनको व्यवस्था छैन ।
- विद्युतको सुविधा नभएको यस क्षेत्रमा चेतनामुलक कार्यक्रम प्रशारण गर्ने, रेडियो सुन्ने बानी १७.५४ प्रतिशतलाई मात्र भएको पाइयो । धेरै ५९.६४ प्रतिशतले साथीभाईसँग गफ गरेर फुर्सदको समय विताउने गरेको पाइयो ।
- कमजोर पारिवारिक स्थिति, ठूलो परिवार, पारिवारिक विखण्डन र अविभावकले बालबालिका प्रति आफ्नो दायित्वको बोध नगरिदिँदा ठूलो संख्यामा बालबालिकाहरु बीचमै पढाई छाड्न बाध्य छन् ।

## ७.३ निष्कर्ष

शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गराउन सहयोग गर्दछ । शिक्षाकै माध्यमबाट व्यक्तिले नयाँ नयाँ ज्ञान तथा सीपहरु हासिल गरी आफूलाई विभिन्न परिवेशमा सफलतापूर्वक समायोजन गराई पूर्ण जिवनयापन गर्न सफल भएको छ । शिक्षा व्यक्तिको जन्म देखि मृत्यु पर्यन्त सम्म चलिरहने प्रकृया हो । त्यसैले शिक्षालाई विद्यालय तथा विश्वविद्यालय शिक्षामा मात्र सीमित नगरी अनौपचारिक, अनियमित जस्ता विभिन्न तरिकाबाट पनि प्राप्त गर्न सकिन्छ । शिक्षा देश विकासको मेरुदण्ड हो । शिक्षा प्राप्तिमा सवै जातजाति, वर्ग, समुदाय, लिंग, धर्म जो सुकैलाई पनि वरावरको हक अधिकार छ तर सवै वर्ग, समुदाय, लिंग र जातिको शिक्षामा पहुँच, सहभागिता र उपलब्धि वरावर छैन यसो

हुनाको कारणहरुमा आर्थिक हैसियत, चेतना, छोरा र छोरी प्रतिको लैंगिक विभेद जस्ता कारणहरु प्रमुख हुने गर्दछन् । दराई जाति नेपालका पूराना आदिवासी मध्येको एक जाति हो जसको आफ्नो छुट्टै भाषा, संस्कृति र परम्परा छ तर दराई जाति शैक्षिक क्षेत्रमा पछाडी छन् । दराई जाति शिक्षामा पछाडी परेकै कारण अन्य क्षेत्रमा पनि पछाडी परेका हुन् जस्तै यस क्षेत्रको दराइ समुदायवाट निजामति सेवामा शुन्य पहुँच हुनु । विश्व विद्यालय तहसम्म १ जना पनि पुग्न नसक्नु । धेरै जनसङ्ख्या परम्परागत कृषि पेशामा निर्भर हुनु । दराई समुदाय शिक्षामा पछाडी पर्नुका कारणहरुमा गरिवी मुख्य कारण हो भने चेतना, संस्कृति, लैंगिक विभेद, छिटो विवाह आदिले पनि प्रभाव पारेको पाइयो ।

# सन्दर्भसामग्री


अनौपचारिक शिक्षा केन्द्र, (२०५७), *साक्षरता समाचार विशेषाङ्क*।

अधिकारी, विष्णु (२०६९/७०), *शिक्षा शास्त्र र नेपालमा शिक्षा,* वागवजार काठमाडौं : आषिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, विष्णु प्रसाद (सन् २०१३), *शिक्षक दिग्दर्शन,* वागवजार काठमाडौं : आषिष बुक्स हाउस प्रा.लि. ।

आचार्य, वलराम (२०६५), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

आचार्य, वलराम (२०६५), *अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

*उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन* २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, केशरमहल, काठमाडौं ।

कुवँर, ढाकाराम (२०५९), *दराई जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको एक मानव शास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र, पाटन क्याम्पस, पाटन ।

गडाल विमल, (२००१), *सेसियो इकोनोमिक इम्प्याक्ट अफ मोर्डन एग्रिकल्चर टेक्नोलोजी इन दराई फार्म कम्युनिटि,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

गुरुङ, हर्क र जे साल्टर (१९९६), *फेसेस अफ नेपाल,* ललितपुर : हिमाल किताब ।

जिल्ला शिक्षा कार्यालय नवलपरासी, (२०६९), *शैक्षिक वुलेटिन*।

दैनिक पत्रिकाहरु (कान्तिपुर दैनिक, रिपब्लिका दैनिक, अन्नपूर्ण पोष्ट)

ढकाल माधव प्रसाद र कोइराला मातृका प्रसाद (२०६६), *शिक्षाका आधारहरु,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

*नागरिक वडापत्र नवलपरासी* (२०६९), जिल्ला विकास समिती न.प. ।

नेपालको अन्तरिम संविधान २०६३ ।

पोखेल, ईश्वर (२०६३), *सामाजिक अनुसन्धान पद्धति,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, मिन बहादुर (२०४९), *शिक्षाको सिद्धान्त,* पुल्चोक ललितपुर : साझा प्रकाशन ।

विष्ट, डोर बहादुर (१९९६), *पिपुल्स अफ नेपाल,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

विष्ट, डोर बहादुर (२०५६, सातौं संस्करण), *सबै जातको फूलवारी,* काठमाडौं : साझा प्रकाशन ।

*भिलेज प्रोफाइल,* (२०६७) जिल्ला विकास समिति, नवलपरासी ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्र कुमार (२०५५), *शिक्षाको सिद्धान्त,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*राष्ट्रिय जनगणना* (२०६८), संक्षिप्त नतिजा, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली, २०६९ ।

*राष्ट्रिय जनगणना* (२०५८), संक्षिप्त नतिजा, राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रिय तथ्याङ्क विभाग, थापाथली, २०५९ ।

*राष्ट्रिय योजना आयोग, आदिवासी* तथा जनजाति सम्बन्धी नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग, २०५५ ।

शर्मा, चिरन्चिवी र शर्मा, निर्मला (२०५३), *शिक्षाको आधार,* भोटाहिटी, काठमाडौं : एम के पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा गोविन्द प्रसाद (२०५८), *"शिक्षा प्रारम्भिक" वाल वालिकाहरुको विद्यालयीय शिक्षामा पहुँच र सहभागीता समाज शास्त्रीय अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ ।

सेरिड, (२०६१) *फर्मेटिभ अनुसन्धान परियोजना* ।

सेरिड, (२०६२) *फर्मेटिभ अनुसन्धान परियोजना* ।

सिहं नागेश्वर (२०६५), *शिक्षाका आधारहरु,* पुतलीसडक, काठमाडौं : पैरवी प्रकाशन ।

*सवैका लागी शिक्षा कार्यक्रमको अन्तराष्ट्रिय अनुगमन प्रतिवेदन,* यूनेस्को, २००३ ।

CERID (1989), *Inquiry into the Case of Primary School Dropouts in Rural Areas,* Kathmandu.

MOE/EFA (2003). Education For All Year Assessment, Nepal Country Report by EFA, Assessment Committee, Kathmandu.

UNDP (1198). *Nepal Human Development Reports,* Kathmandu.

NRL-NFE, (2001). *Literacy Watch Bulletin* (April 2nd No. 18) Patan, Lalitpur

www.google.com

## शोधका लागि प्रयोग गरिएका प्रश्नावली

### १. व्यक्तिगत विवरण

नाम :

उमेर :

लिंग :

पेशा :

शिक्षा :

वैवाहिक स्थिती :

विवाह गर्दाको उमेर :

परिवारको किसिम :

घरको प्रकार :

### २. पारिवारिक विवरण

| क्र.सं. | नाम | घरमुली सँगको नाता | लिंग | | उमेर | वैवाहिक स्थिती | | विवाह गर्दाको उमेर | शिक्षा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पु. | म. | | वि. | अ. | | निर | सा | उत्तिर्ण कक्षा | अध्ययनरत कक्षा /तह | कैफियत |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |

३. तपाईको घरवाट नजिकको प्राथमिक विद्यालयमा पुग्न कति समय लाग्छ ?

क) १५ मिनेट ख) ३० मिनेट

ग) ४५ मिनेट

४. तपाईको घरवाट नजिकको माध्यमिक विद्यालयसम्म पुग्न कति समय लाग्छ ?

क) ३० मिनेट ख) ४५ मिनेट

ग) १ घण्टा सम्म पुगिने

५. तपाईको घरमा कुन भाषा बोल्नु हुन्छ ?

क) दराई भाषा ख) नेपाली

ग) अन्य

६. तपाईका वालवालिकाले मातृभाषामा पढ्न पाएका छन् ? कि छैनन् ?

क) छ ख) छैन

७. तपाईको विचारमा वालवालिका दुवैलाई शिक्षामा समान अवसर दिनु आवश्यक छ ?

क) छ ख) छैन

८. समान अवसर दिन आवश्यक छैन भने किन ?

........................................................................................................

९. तपाइको परिवारमा घरायसी कार्यमा वालवालिकाहरुको सहयोग आवश्यक छ ?

क) छ ख) छैन

१०. तपाइको परिवारमा स्कुल उमेरका वालवालिकालाई आम्दानी हुने कार्यमा लगाउनु हुन्छ ? अथवा लगाउन आवश्क छ ?

क) छ ख) छैन

छ भने किन ? कारण .....................................................

११. तपाईको विचारमा छोराछोरी दुवैलाई शिक्षामा समान अवसर र सुविधा दिनु आवश्यक छ ?

क) छ ख) छैन

१२. समान अवसर र सुविधा दिनु भएको छ ,

क) छ ख) छैन

१३. छोरा र छोरी माथि पढाईमा विभेद गर्नु उचित हो ?

क) हो ख) होइन

१४. महिला शिक्षावारे तपाईलाई के थाहा छ ?

.................................................................................................................

१५. तपाई कुनै सामाजिक संगठन तथा समुहमा आवद्ध हुनुहुन्छ ?

.................................................................................................................

१६. तपाईका वालवालिकालाई जि.शि.का. बाहेक कुनै संघसंस्थाले शैक्षिक सहयोग गरेको छ ?

.................................................................................................................

१७. तपाईको परिवारमा कसैले अनौपचारिक शिक्षा लिनु भएको छ ?

क) छ भने कुन .........................  ख) छैन भने किन .........................

१८. तपाईले कुनै संघसंस्थाले दिएको तालिममा सहभागी हुनुभएको छ ?

क) छ  ख) छैन

१९. तपाई फूर्सदको समय के गरेर विताउनु हुन्छ ?

क) गह गरेर  ख) रेडियो सुनेर

ग) पत्रपत्रिका पढेर  घ) अन्य

२०. तपाईका वालवालिका नियमित स्कुल जान उत्साहित छन् कि छैनन् ?

क) छन्  ख) छैनन्

२१. उत्साहित नभए किन ? कारण के होला ?

.................................................................................................................

२२. तपाईको परिवारमा दैनिक रुपमै अल्कोहलको सेवन गर्नुहुन्छ ?

क) गर्दछौं  ख) गर्दैनौं

ग) कहिलेकांही मात्र

दिनहुँ गर्ने भए कारण के हो .....................................................................

२३. छोराछोरी पढाउने सम्बन्धमा तपाईको परिवारमा कसले निर्णय लिन्छ ?

.................................................................................................................

२४. तपाईको परिवारमा जग्गा जमिन कति छ ?

क) १-५ रोपनी सम्म  ख) ६-१० रोपनी सम्म

ग) ११ देखि २० रोपनी सम्म  घ) २१ रोपनी भन्दा माथि

२५. तपाईको परिवारलाई आफ्नो जग्गाको खेतीबाट कति महिना खान पुग्छ ?

क) १-३ महिना    ख) ४-६ महिना

ग) ६-१० महिना    घ) ११ महिना भन्दा बढी

२६. तपाईको परिवारमा गतवर्ष कति आम्दानी भएको थियो ?

क) ०-१० हजार सम्म    ख) १०-२० हजार सम्म

ग) २०-५० हजार सम्म    घ) ५० हजार - १ लाख

ङ) १ लाख भन्दा बढी

२७. तपाई आफ्ना बालबालिकाको पढाई (शैक्षिक प्रगति) बुझ्नको लागि विद्यालय जानु हुन्छ की जानु हुँदैन ?

क) जान्छु    ख) जाँदिन

ग) कहिलेकांही

२८. कति कति समयमा जानुहुन्छ ?

क) १ महिनामा १ पटक    ख) ३ महिनामा १ पटक

ग) ६ महिना वा सो भन्दा बढी समयमा

२९. तपाई दराई समुदाय र शिक्षाको सम्बन्धका बारेमा के भन्न चाहनुहुन्छ ?

.........................................................................................................

३०. तपाईको (दराई) समुदायको शिक्षामा कुन कुन कुराले प्रभाव पारेका छ होला ?

.........................................................................................................

**सुचनादाताको लागि तयार पारिएका प्रश्नावली**

१. दराई समुदायको शैक्षिक अवस्थाका वारेमा तपाई के भन्नुहुन्छ ?

२. दराई बालबालिकाहरु पढाइप्रति कत्तिको रुचि राख्छन् ?

३. दराई अभिभावकहरु आफ्ना बालबालिकाको पढाइप्रति कति चासो राख्दछन् ? वा कति सचेत छन् ?

४. तुलनात्मक रुपमा दराई विद्यार्थी र अन्य विद्यार्थीको शैक्षिक उपलब्धी कस्तो छ ?

५. यदि दराई समुदायको शैक्षिक उपलब्धी अन्यको तुलनामा कम छ भने कम हुनाका कारणहरु के के होलान् ?

६. दराई जातिको शिक्षामा प्रभाव पार्ने तत्वहरु के के होलान् ?

७. दराई जातिको शैक्षिक उपलब्धीमा सुधार ल्याउन कसले के गर्नुपर्ला ?